
# लेखापरीक्षण प्रतिवेदन
# बझाङ्ग
## २०७२।७३




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धती | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | अस्पताल विकास समिति | ३ |
| ३.२ | कोष तथा लेखा नियन्त्रण कार्यालय | ३ |
| ३.३ | खानेपानी तथा सरसफाइ डिभिजन | ३ |
| ३.४ | जय पृथ्वी बहादुर मार्ग खोड्पे बझाङ्ग सडक | ४ |
| ३.५ | जिल्ला कृषि विकास कार्यालय | ६ |
| ३.६ | जिल्ला भू-संरक्षण कार्यालय | ७ |
| ३.७ | जिल्ला वन कार्यालय | ७ |
| ३.८ | जिल्ला विकास समितिको किार्यालय | ९ |
| ३.९ | जिल्ला शिक्षा कार्यालय | १४ |
| ३.१० | जिल्ला स्वास्थ्य कार्यालय | १५ |
| ३.११ | जिल्ला हुलाक कार्यालय | १९ |
| ३.१२ | पश्चिम उच्च पहाडी गरिवि निवारण आयोजना | २१ |
| ३.१४ | मालपोत कार्यालय | २२ |
| ३.१६ | सिंचाई विकास डिभिजन | २३ |
| ४ | आन्तरिक लेखापरीक्षण | २५ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २६ |
| अनुसूची २ : | बेरुजूको स्थिति | २७ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय | २८ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | ३० |

## लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १७ कार्यालयको विस्तृत र १४ कार्यालयको संक्षिप्त कार्यविधिको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्लास्थित ३१ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबारसमेत रु.३ अर्व ४५ करोड ६४ लाख को लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २२ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २५० र रु.६ करोड ७६ लाख ३८ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १४ कार्यालयको प्रतिक्रियावाट फछ्र्यौट र समायोजन भएका ११२ दफा र रु.३३ लाख ९१ हजार मिलान गरी २१ कार्यालयको दफा १३८ र रु.६ करोड ४२ लाख ४७ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियावाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.८ लाख ७१ हजार र प्रतिक्रियाबाट रु.२५ हजार समेत रु.८ लाख ९६ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.५५ लाख ७९ हजार, अनियमित रु.३ करोड ३७ लाख २ हजार र पेश्की रु.२ करोड ४९ लाख ६६ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## अस्पताल विकास समिति

१. **विगत वर्षको नगद** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(१) र उपदफा ४ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले पन्ध्र दिन भन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने उल्लेख छ। कार्यालयका ४ कर्मचारीले विगत वर्षदेखी कार्यालयमा दाखिला गर्नुपर्ने नगद रु.३ लाख ९१ हजार ७०४ दाखिला नगरेकोले ऐनको व्यवस्था बमोजिम रु.९७ हजार ९२६ जरिवाना सहित ४ लाख ८९ हजार ६३० असुल हुनुपर्दछ।

## कोष तथा लेखा नियन्त्रक कार्यालय

१. **अन्तिम चौमासिकको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूची १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र खर्च रकम उल्लेख छ । कार्यालयले कुल पुँजिगत खर्चको शतप्रतिशत तेश्रो चौमासिकमा र सो मध्ये असार महिनामा ३३.६० प्रतिशत खर्च गरेको छ। स्वीकृत कार्यक्रमहरु समयमै सम्पन्न गर्नुपर्दछ।

२. **आन्तरिक लेखापरीक्षण** : महालेखा नियन्त्रक कार्यालयबाट स्वीकृत आन्तरिक लेखापरीक्षण कार्यविधि बमोजिम कोष तथा लेखायिन्त्रक कार्यालयले जिल्लास्थित कार्यालयहरुको प्रत्येक चौमासिकमा आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा एकैपटक बार्षिक रुपमा सम्पादन गरेको देखिएकोले कार्यविधि बमोजिम समयमै आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था हुनुपर्दछ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। कार्यालयले वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी निरीक्षण नगरेको, केही जिन्सी सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, सम्भावित जोखिमहरु पहिचान तथा विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, दैनिक भ्रमण अभिलेख खाता नराखेको, आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार नगरेको, कर्मचारीको कार्य विवरण तयार नगरेको अवस्था देखिएको छ। ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **लक्ष्य तथा प्रगति** : आर्थिक बर्ष २०७२।७३ सम्ममा ३१७ स्किम भएको ३८ खानेपानी आयोजनाका निर्माण कार्य सञ्चालन गरेका मध्ये ३५ स्किम भएका दंगाजी, खादेखोला र चित्रु समेत ३ खानेपानी आयोजना सम्पन्न भएको देखियो । बांकी आयोजनाको काम समेत सम्पन्न गरी सेवाग्राहीलाई खानेपानी सुविधा प्रदान गर्नुपर्दछ।

३. **अन्तिम चौमासिकको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूची १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र खर्च रकम उल्लेख छ। कार्यालयले बार्षिक खर्चको ९५.७९ प्रतिशतसम्म तेश्रो

चौमासिकमा र सो मध्ये आषाढ महिनामा मात्रै ४७.४७ प्रतिशत खर्च गरेको छ । नियमावलीको व्यवस्था र बमोजिम तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

४. **ठेक्का वन्दोवस्त :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (३) मा लागत अनुमान तयार गर्ने र ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्रै सम्पन्न गर्नुपर्ने व्यवस्था रहेकोमा छ । कार्यालयले यस वर्ष सञ्चालन गरेको ३ ठेक्कामध्ये दोश्रो चौमासिकमा रु.९४,००,०००।०० को १ र तेस्रा चौमासीकमा ७०,१९,०२१।०० को २ ठेक्का संझौता गरेको देखियो । नियमावली बमोजिम तोकिएको समयमा ठेक्का वन्दोवस्त गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

५. **ठेक्का प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६१(झ) र ६२(च) मा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने व्यवस्था छ । कार्यालयबाट ठेक्का व्यवस्था गरेका ३ खरिद कार्यमा ७ बोलपत्र बिक्री भई ७ वटा नै दाखिला भएको छ । बोलपत्र कम संख्यामा विक्री भएका र लागत अनुमानको हाराहारीमा ठेक्का कवोल गरी सम्झौता भएको देखिंदा न्यून प्रतिस्पर्धा भएको अवस्था रहेकोले ठेक्का कार्यलाई प्रतिस्पर्धात्मक हुने व्यवस्था गरिनुपर्दछ ।

६. **फिटिङ्गस मौज्दात :** कार्यालयले विभिन्न परिमाणमा फिटिङ्गस सामाग्री खरिद गरेकोमा विभिन्न खानेपानी आयोजनामा खर्च गरी रु १०,९२५००।०० वरावरका सामाग्रीको मौज्दात विवरण पेश गरेको छ । गत विगतमा खरिद भई बाँकी रहेका सामाग्री यस वर्ष सञ्चालित योजनामा खर्च भई नपुग हुने अवस्थामा मात्र थप खरिद गर्नुपर्नेमा गत वर्षको मौज्दात बाँकी रहेको अवस्थामा पुनः खरिद गरी मौज्दात राखेको देखियो । आवश्यकताका आधारमा मात्रै सामाग्री खरिद गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

७. **विवरण :** कार्यालयसँग स्वच्छ खानेपानी उपलव्धता सम्बन्धी विवरण र ५ बर्ष भन्दा अगाडी शुरु भएको खानेपानी आयोाजनाको स्थिती र २०६८।६९ देखी २०७२।७३ सम्म निर्माण भएका संरचना सम्बन्धी विवरण र अभिलेख पेश नभएकोले निर्माण भएका संरचनाको संचालन स्थितिको विश्लेषण गर्न सकिएन ।

८ **बाँकी रकम**: यूनिसेफ नेपालबाट रु.११,३७,०२५।- प्राप्त भई रु.७,२७,७६३।- खर्च गरी बाँकी भएको रु.४,०९२६२।- फिर्ता नगरेको सम्बन्धमा लेखापरीक्षणको क्रममा छलफल हुँदा उक्त रकम आ.व. २०७३।७४ मा खर्च गरिने कार्यालयले जनाएको छ । रकमको उपयोग वार्षिक कार्यक्रमबमोजिम हुनुपर्दछ ।

## जय पृथ्वीवहादुर मार्ग खोड्पे बझाङ्ग सडक योजना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद इकाई गठन नभएको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी सामानको मर्मत सम्भार र लिलाम नगरेको, कार्यालयको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, कार्यालयले कार्यक्रम मात्र उल्लेख गरी माग गरेको आधारमा पेश्की दिने गरेको, तालिम कार्यक्रमको प्रतिवेदन दिने नगरेको, बेरुजुको लगत नराखेको, मासिकरुपमा गर्नु पर्ने आन्तरिक लेखापरीक्षण वार्षिक रुपमा गरे गराएको, सार्वजनिक

लेखा समितिमा भएको निर्णयको अभिलेख नराखेको अवस्था देखिएको छ । ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अन्तिम चौमासिकको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूची १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र खर्च रकम उल्लेख छ । कार्यालयले कुल पुँजिगत खर्चको ७४.१५ प्रतिशत तेश्रो चौमासिकमा र सो मध्ये असार महिनामा मात्र ४९.१४ प्रतिशत खर्च गरेको देखियो । नियमावलीको व्यवस्था बमोजिम तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

३. **बार्षिक लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ बमोजिम चौमासिक कार्यतालिका वनाई बार्षिक लक्ष्य बमोजिम प्रगति हासिल हुने गरी कार्यक्रमक सञ्चालन गर्नु पर्दछ । कार्यालयले पेश गरेको प्रगति विवरण अनुसार विभिन्न ७ बजेट उप शीर्षकका १८ मध्ये १३ कार्यक्रममा शून्य प्रगति छ भने बाँकीमा न्यून प्रगति भएको पाइयो । स्वीकृत वार्षिक लक्ष्यबमोजिम प्रगति हासिल गर्नुपर्दछ ।

४. **ठेक्का व्यवस्था** : यो बर्ष सडक तथा पुल निर्माणकोलागि ५ ठेक्का व्यवस्था गरेकोमा सोको लागि जम्मा ४८ थान बोलपत्र विक्री भएकोमा १२ वटा मात्र दाखिला भएको पाइयो । सो मध्ये चैनपुर शहरी सडक २२ वोलपत्र विक्रि भएकोमा २ वटा दाखिला भएको र लागत अनुमानको ०.४३ प्रतिशत र वित्थड बुंगल विजगडा रनलेख सडकमा १८ वोलपत्र विक्री भएकोमा ३ वटा दाखिला भई लागत अनुमानको २.९२ घटि प्रतिशतमा सम्झौता भएको देखिएकोले ठेक्का कार्यलाई प्रतिस्पर्धात्मक बनाउने व्यवस्था गरिनुपर्दछ ।

५. **सेती नदी (तमिल पुल)** : प्रोभिजनल सम र मू.अ.कर समेत रु.१७,६९,०९,६३६।४८ लागत अनुमान रहेको सेति नदी (तमिला पुल) निर्माणको लागि निर्माण व्यवसायीसँग प्रोभिजनल सम र मू.अ.कर समेत रु.१३,०८,३९,०६८।१५ मा २०७५।९।३० मा कार्य सम्पन्न हुने गरी निर्माण खरिद सम्झौता भएकोमा खरिद सम्झौताको सामान्य तथा विशेष शर्त (नं. २६.१) उल्लेख भए अनुसार कार्य स्वीकार गरेको ३० दिन भित्र स्वीकृत कार्यक्रम र ९० दिन भित्र कार्यतालिका अद्यावधिक गर्नुपर्नेमा सो नगरेमा वा ढिलो गरेमा रु.१,००,०००।०० भुक्तानी रोक्का गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन भएको नदेखिएकोले कार्यालयले सम्झौताको शर्त बमोजिम रकम असुल गर्नुपर्दछ ।

६. **अधुरो योजना** : सम्झौताको र्शत बमोजिम पूवनिर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा मिति २०७१।४।४ मा कार्य सम्पन्न गर्ने गरी मु.अ.कर वाहेक रु.१३,२४,५५,२०६।७५ लागत अनुमान भएको देवसैन पुलको निमार्णका लागि निर्माण व्यवशायीसँग मू.अ.कर वाहेक रु.१०३४९०१८५।७० कवोल अंकमा निर्माण सम्पन्न गर्ने गरी मिति २०६८।२।२८ मा सम्झौता भएकोमा एप्रोच सडकको अभाव देखाइ निर्माण व्यावसायिबाट रु.१,०३,००,०००।०० कार्यसञ्चालन पेश्की लिने वाहेक अन्य कार्य भएको छैन । बोलपत्र स्वीकृत गर्नु पूर्व निर्माण स्थलको निरिक्षण नगरी बोलपत्र दाखिला गर्ने र निर्माणको कार्य विभिन्न कारण देखाई नगर्ने प्रवृत्तिका कारण पुल निर्माण अधुरो रहन गएको देखिन्छ । पुल निर्माणबाट समयम्रै समुदाय लाभान्वीत हुनका लागि सम्झौताबमोजिम कार्य सम्पन्न गर्ने गराउनेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।

७. **म्याद थप** : निमार्ण व्यवसायीले सम्झौता बमोजिमको अवधिमा कार्यतालिकाबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार यस योजना कार्यालयबाट विभिन्न ४ बजेट उप शिर्षक अन्तर्गतका २२ ठेक्का मध्ये १५ शुरु सम्झौताको ५१ देखि १०० प्रतिशत र ६ ठेक्कामा शुरु सम्झौताको १०० भन्दा बढी प्रतिशत म्याद थप गरेको पाइयो । पूर्व निर्धारित

समयमा कार्य सम्पन्न नगरेको कारण बजेट न्युन हुने जस्ता आ.व. मा विनियोजित बजेट फ्रिज हुने र अर्को आर्थिक वर्षका योजना सञ्चालनमा असर पर्ने हुंदा तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्नु गराउनु पर्दछ ।

८. **वीमा** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा बढीको निर्माण कार्यमा वीमा गराउनु पर्ने उल्लेख छ भने खरिद सम्झौताको शर्तमा त्रुटी सच्याउने अवधिसम्म अवधि हुने गरी वीमा गराउनु पर्ने उल्लेख छ । कार्यालयले यो बर्ष सम्पन्न भएका मध्ये ३ ठेक्का सम्झौताको सम्बन्धमा त्रुटी सच्याउने अवधिसम्मको वीमा भएको देखिएन । म्याद थप हुँदा वीमा अवधि सम्बन्धमा ध्यान नदिएको तथा वीमा बापत भुक्तानी भएतापनि त्रुटी सच्याउने अवधि सम्मको जोखिम बहन नहुने अवस्था देखिएकोले सुधार हुनुपर्दछ ।

९. **अन्तिम भुक्तानी :** आरएसडिपिएफ् अन्तर्गत खोड्पे चैनपुर सडक योजनाको ठेक्का नम्वर आर एस डि ए एफ - डव्लु भिपि के सी -एम डि-३ को - चेनेज नं. ६०+४०० देखि १०६+६८० किलोमिटर बर्षातको कारण विग्रेको कारण भेरिएसन पश्चात सडकको निर्माण कार्यका लागि रु.१०,६४,५०,७८७।६३ को खरिद सम्झौता भएकोमा दोश्रोपटक म्याद थप समेत २०७३।१।१० सम्म कार्य सम्पन्न हुनुपर्नेमा नवौ विलसम्म रु.९,६८,८४,७४३।०० (भ्याट समेत) को कार्य ( ९१.०१ प्रतिशत) गरी परामर्शदाताका सिफारिसमा सडक विभाग, उप-महानिर्देशकस्तरबाट "सानातिना मर्मत कार्य बाँकी भएको सम्बन्धमा समयावधी तोकी सम्पन्न गर्ने प्रतिवद्धता जारी गरेको आधारमा २०७२।७।५मा कार्य स्वीकार गर्ने" निर्णय भएको छ । निमार्ण व्यावसायीसँग कार्य स्वीकार पश्चात परामर्शदाताबाट औंल्याएको सम्पन्न गर्न बाँकी काम र मर्मत गर्नुपर्ने कार्य सम्पन्न भएको यकिन गरी अन्तिम भुक्तानी तथा कार्यसम्पन्न हुनुपर्दछ ।

१०. **कार्यसञ्चालन पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा खरिद सम्झौतामा उल्लेख गरे बमाजिम कार्यसञ्चालन पेश्की फछ्र्यौट हुनुपर्दछ । कार्यालय (योजना) ले विभिन्न ३ निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतानुसार दिएको कार्यसञ्चालन पेश्की रु.१,०२,६०,०००.०० आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट बाँकी रहेकोले नियमानुसार समयमै पेश्की फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी सामानको मर्मत सम्भार र लिलाम नगरेको, समितिको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको अवस्था देखिएको छ । ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य तथा प्रगति :** कार्यालयले सञ्चालन गरेका निम्नानुसारका स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको लक्ष्य परिमाण भन्दा घटी परिमाणमा प्रगति हासिल भएको प्राप्त प्रगती विवरणबाट देखिएको छ :

| सि. नं. | कार्यक्रम र कार्य विवरण | बार्षिक लक्ष्य परिमाण | बार्षिक प्रगति परिमाण | घटी प्रगति परिमाण |
|---|---|---|---|---|
| १ | वृज विद्धि मकै, धान,गहुं (५० प्रतिशत अनुदान) | २० हेक्टर | ५ हेक्टर | १५ हेक्टर |
| २ | सिड विज वितरण २५ प्रतिशत मुल्य अनुदान र १०० प्रतिशत ढुवानी अनुदान | १७० सेट | १२० सेट | ५० सेट |
| ३ | रायो, मुला, काउलीको विउ उत्पादन | १ हेक्टर | ० | १ हेक्टर |
| ४ | गत आ.व.मा बाली उत्पादन कृषक पाठशाला सञ्चालन कृषक समुहलाई प्रविधि अवलम्बन सहयोग | २६ समुह | १८ समुह | ८ समुह |
| ५ | एकृकित बाली तथा जल व्यवस्थापन सिजनल योजना तर्जूमा गोष्ठी | ३ पटक | २ पटक | १ पटक |
| ६ | रासायनिक मल ढुवानी अनुदान | १६० मे.टन | १३०.५ मे.टन | २९.५ मे.टन |
| ७ | कृषकरुलाई प्रांगारिक मलमा अनूदान | ३० मे.टन | १५.३ मे.टन | १४.७ मे.टन |

लक्ष्य अनुसार प्रगती हासिल गर्ने गरी कार्यक्रम स्वीकृत गर्नु पर्दछ ।

३. **कर दाखिला** : आयकर ऐन, २०५८ बमोजि कट्टी गरेको अग्रिम कर सम्बन्धित राजस्व खातामा दाखिला गर्नु पर्दछ । कार्यालयमा विभिन्न शिर्षकहरुमा दाखिला हुन बाँकी कर रु.१२०९७०० रहेको औंल्याएकोमा आन्तिम लेखापरीक्षणको समयसम्म पनि दाखिला भएको नदेखिएकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

४. **कार्यक्रम संचालन** : कार्यक्रम संचालन गरिसकेपछि सोको उपयोगिता मूल्यांकन गर्नु पर्दछ । तालिम, गोष्ठी, कार्यशाला संचालन गरिसेपछि सो सम्बन्धमा प्रतिवेदन तयार गर्ने वा पेश गर्ने गरेको देखिएन । कार्यक्रम संचालन गर्नेले सोको प्रतिवेदन दिने र भविष्यमा गर्नुपर्ने सुधारका वारेमा दिएको सुझाव कार्यालयले उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५. **कृषि अनुदान** : कार्यालयले आफूले उपलव्ध गराएको कृषि अनुदानको अनुगमन गर्ने तथा अनुदान पाउनेको धरौटी तथा भुक्तानीमा पारदर्शिता ल्याउनु पर्दछ । कृषि समितिको विभिन्न मितिको निर्णयानुसार युवा लक्षित तरकारी खेती लगायत विभिन्न शिर्षकबाट अनुदान दिएकोमा सम्बन्धितको निवेदन र भरपाई संलग्न रहेतापनि नागरिकताको प्रतिलिपि, फोटो संलग्न गरी थप पारदर्शिता कायम गर्ने र अनुदानको उपयोगको अवस्था यकिन हुने गरी अनुगमन प्रतिवेदन लिनुपर्दछ ।

## जिल्ला भू-संरक्षण कार्यालय

१. **अन्तिम चौमासिकको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार चौमासिक रुपमा पूँजीगत खर्च गर्नु पर्नेमा २ शीर्षकमा तेस्रो चौमासिकमा मात्र कुल खर्चको ९०.९८ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

२. **विरुवा मौज्दात** : यो बर्ष ४० हजार विरुवा उत्पादन गरेकोमा ३४,४०० विरुवा वितरण गरी ५५०० विरुवा मौज्दात राखेको पाइयो । मौज्दात रहेका विरुवाको वितरण समयमै गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

## जिल्ला वन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, पुराना सामान  मर्मत एवम् लिलाम विकी नगरेको, कार्यालयको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली

तयार नगरेकामर्मत अभिलेख नराखेको, कार्यालयको निरीक्षण नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, मासिक रुपमा गर्नु पर्ने आान्तरिक लेखापरीक्षण वार्षिक रुपमा गरे गराएको, सार्वजनिक लेखा समितिमा भएको निर्णयको अभिलेख नराखेको अवस्था देखिएको छ। ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **अन्तिम चौमासिकको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूची १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र खर्च रकम उल्लेख छ। पूँजीगत खर्चतर्फ ३ शीर्षकमा पहिलो चौमासिकमा कुल खर्चको शून्य प्रतिशत, दोस्रो चौमासिकमा ५३.०२. प्रतिशत र तेस्रो चौमासिकमा ४६.९८ प्रतिशत खर्च भएको छ भने असार महिनामा मात्र २ शीर्षकमा २३.३६ प्रतिशत खर्च भएको छ। नियमावलीको व्यवस्था र बमोजिम तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ।

३. **आयकर** : आयकर ऐन, २०५८ बमोजिम अन्तिम भुक्तानीको समयमा अग्रिम कर कट्टी गनुपर्नेमा सो बेगर विभिन्न ६ भुक्तानीमा रु.३६००८।०० अग्रिम आयकर कट्टी नगरेकोले सम्बन्धितबाट असुल गर्नुपर्दछ।

४. **लक्ष्य तथा प्रगति** : स्वीकृत बार्षिक कार्यक्रममा निर्धारित लक्ष्य परिमाण मध्ये ५ कार्यहरुमा बार्षिक लक्ष्य भन्दा घटी प्रगति भएको छ। राष्ट्रिय बन विकास कार्यक्रममा कुल भारित प्रगति ६७ प्रतिशत र वित्तीय प्रगति २९ प्रतिशत मात्र भएको छ। स्वीकृत वार्षिक लक्ष्यबमोजिम प्रगति हासिल गर्नुपर्दछ।

५. **ठेक्का वन्दोवस्त :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० (३) मा वार्षिक वजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउंदा लागत अनुमान बनाउने तथा वोलपत्र आव्हान गरी स्वीकृत गर्ने विषय समेतलाई ध्यान दिनुपर्ने र ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले रु.२९७९१४७।१५ बराबरको १ ठेक्का तेस्रो चौमासीकमा ठेक्का संझौता गरेको छ। तोकिएको समयमा ठेक्का वन्दोवस्त हुने व्यस्था गर्नुपर्दछ।

६. **बन मुद्धा** : सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा १५ बमोजिम यस ऐन वा प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले निश्चित अवधि भित्र निर्णय गर्नुपर्ने व्यवस्था रहेको छ । सो अनुसार वन पैदावार सम्बन्धी चोरी निकासी मुद्दा २ वर्ष भित्र फछ्र्यौट गर्नु पर्नेमा काठ चोरी, वन अतिक्रमण, वन्य जन्तु र अन्य (ढुंगा गिट्टी) मुद्दा गरी गत वर्षको जिम्मेवारी सारेको ४ र यो बर्षको १ समेत ५ वटा मुद्धा फछ्र्यौट गर्न बाँकी रहेको छ। २ बर्ष अघिको १ मुद्धा समेत फछ्र्यौट हुन बाँकी छ। ऐन नियमले तोकेको अवधिभित्र मुद्धा फछ्र्यौट गर्नुपर्दछ।

७. **बन अतिक्रमण** : बन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ र वन पैदावार क्षेत्र सुरक्षा योजना, २०७० अनुसार कार्यालयले बनको अतिक्रमण हुन नदिने र अतिक्रमित भएको अवस्थामा अतिक्रमण हटाउन प्रयास गर्नुपर्दछ। कार्यालयबाट प्राप्त विवरण अनुसार कोटभैरव गा.वि.स को करिव ३ हेक्टर वन क्षेत्रमा अतिक्रमण भएकोमा अतिक्रमण हटाउने सम्बन्धमा काम कारवाही भएको छैन।

८. **दरवन्दी र पदपूर्ति** : कार्यालयमा विभिन्न दर्जाको ५९ दरवन्दी मध्ये ३९ पूर्ति भएको र २० रिक्त रहेको प्राप्त विवरणबाट देखिएको छ। रिक्त मध्ये सहायक बन अधिकृत ७, फरेष्टर ५, बनरक्षक ८ पद रिक्त रहेको छ। रिक्त रहेका पद पूर्ति गर्नुपर्दछ।

९.	**बढी भुक्तानी** : बझाङ्ग जिल्लाको बन क्षेत्रको जि.आई.एस. प्रोफाइल तयार गर्ने सिलवन्दी दर भाउ पत्रद्धारा एक कन्सल्टेक्सीसँग मूल्य अभिवृद्धि कर समेत रु.५ लाख ९७ हजारमा सम्झौता भएकोमा कन्सल्टेन्सीलाई रु.६ लाख भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.२ हजार ३ सय ६५ असुल हुनुपर्दछ ।

१०.	**प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा बील भरपाई सहितको लेखा राख्नुपर्नेमा कार्यालयका एक वन अधिकृतले बहुसरोकार वन कार्यक्रम संचालन गरि पेश्की फछ्र्यौट गरेको रु.१० लाख ४० हजारमध्ये प्रतिवेदन बापत रु.४०००।- खर्च लेखेकोमा प्रतिवेदन संलग्न नराखेकोले सो रकम असुल गर्नुपर्दछ ।

११.	**सँझौताको पालना** : कार्यालय र एक कन्सल्टेन्टीविच वहुसरोकार कार्यक्रम अन्तर्गत जि.आई.एस. म्यापिङ्गको कार्य गर्न परामर्श सेवाको सम्झौता अन्तर्गत जिल्लास्तरिय अर्न्तक्रिया कार्यक्रम बापत रु.२५ हजार र अभिमुखिकरण कार्यक्रम बापत रु.२५ हजार समेत जम्मा रु.५० हजार भुक्तानी भएकोमा परामर्शदाताबाट प्रतिवेदन पेश गरेतापनी सम्झौता बमोजिम जि.आई.एस.म्यापिङ्गको कार्य भएको छैन । सम्झौताको पालना नभई भुक्तानी भएको कार्य अनियमित देखिएको छ ।

१२.	**फरक खर्च शीर्षक** : आर्थिक संकेत तथा वर्गीकरण, २०७१ बमोजिम बजेट खर्च गर्दा खर्च शिर्षक बर्गिकरण अनुसार गर्नुपर्नेमा हुलाक तथा कुरीयर र कार्यालय सम्बन्धी खर्च समेत अन्य सेवा शुल्क शिर्षकबाट गरी रु.४८ हजार खर्च लेखेको छ । आर्थिक संकेत तथा वर्गीकरण बमोजिम खर्च गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

१३.	**धरौटी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा धरौटी फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले रासन एक आपूर्तकलाई रु.७१,७७०।२२ धरौटी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण दाखिला गरेको र मूल्यअभिबृद्धि कर समायोजन प्रमाण बेगर फिर्ता गरेको देखिएको छ । आपूर्तकबाट उक्त कारोवारको कर विवरण पेश गरेको प्रमाण पेश हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१.	**अन्तिम चौमासिकको खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम चौमासिकरुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी बजेट विनियोजन बमोजिम लक्ष्य तोकि कार्यक्रममा खर्च गर्नु पर्दछ । समितिको बार्षिक खर्च रु.५७,०७,३०,३४७।- मध्ये तेस्रो चौमासिकमा रु.३६,१५,३८,६५७।- खर्च भएकोमा सो मध्ये आषाढ महिनामा मात्र रु.१५,६७,५४,००७।- खर्च भएबाट तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमशः ६८ रक २९.५४ प्रतिशत रहेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश वर्षान्तमा खर्च भएको सम्बन्धमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा भएकोले तेस्रो चौमासिक र आषाढमा बढी खर्च भएको कार्यालयले जनाएको छ । लक्ष्य बमोजिम प्रगती हासिल गर्न कार्ययोजना बनाई लागु गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

२.	**मौज्दात फरक** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार कार्यालयले आर्थिक वर्षको अन्तमा मौज्दात रकम रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले आर्थिक वर्षको अन्त्यमा श्रेस्तामा रु ३२०१५५३४।१७ र

बैंकमा रु.३२०४५३७३।१७ देखिएकोले रु.२९८३९।०० बढी मौज्दात देखाएको छ । कार्यालयले मौज्दात यकिन गरी बढी देखिएको मौज्दात आम्दानी बाँध्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली :** आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३.१ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ञ) अनुसार गठित आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समिति र गाविसको आन्तरिक लेखापरीक्षण मासिकरुपमा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लेखापरीक्षण शाखामा १ जना लेखापाल स्तरको दरवन्दी रहेको र शाखाले कार्यालयको कारोबारको मासिक तथा गाविसहरुको लेखापरीक्षण चौमासिकरुपमा गर्ने गरेको उल्लेख गरेतापनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन वर्षको अन्त्यमा मात्र तयार गर्ने गरेको छ । समयमा आन्तरिक लेखापरीक्षण र सो को प्रतिवेदन तयार नहुंदा आन्तरिक नियन्त्रण कमजोर हुने अवस्था देखिएको छ । नियमावलीबमोजिम आन्तरीक लेखापरीक्षण गरि प्रतिवेदन दिने व्यवस्थाको पालना हुनुपर्दछ ।

३.२ स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को ५१ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका व्यवस्था रहेकोमा कार्यालयबाट उपभोक्ता समितिले लेखा दुरुस्त राखे नराखेको सहित योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा  अनुगमन गरेको नदेखिएकोले अनुगमनको व्यवस्था हुनुपर्दछ ।

४.३ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) मा गाउं विकास समितिको बेरुजू लगत  र सम्परीक्षण सम्बन्धी व्यवस्था रहेकोमा कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गाउं विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन । गा.वि.स.हरुको खर्चमा नियमितता र पारदर्शीता बनाउन गा.वि.स.को बेरुजु लगत राखि समयमै सम्परीक्षण गर्ने गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

५. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन र प्रगति समिक्षा गर्नुपर्ने र तोकिएको समयमा तोकिएको प्रगति हासिल नगर्ने र विवरण नपठाउनेलाई कारबाहीको समेत व्यवस्था रहेकोमा कार्यालयले वार्षिक लक्ष्य प्रगति सम्बन्धी विवरण पेश नगरेकोले लक्ष्य बमोजिम प्रगति भए नभएको सम्बन्धमा विश्लेषण गर्न सकिएन । नियमावलीको व्यवस्थाबमोजिम प्रगति विवरण तयार गर्ने गराउनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

६. **पेश्की :** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८ (२३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले गत विगतको फछ्र्यौट गर्न बाँकी पेश्की रु.२,१९,३३,८९७।७५ मध्ये यो बर्ष फछ्र्यौट रु.३९,१९,४२३।- भई रु.१,८०,१४,४७,४७५।- र चालु बर्षको फछ्र्यौट गर्न बाँकी रु.२०,९३,०६०।– समते जम्मा रु.२,०१,०७,५३४।७५ रहेको छ । कार्यालयले विभिन्न कामको ३ संस्था र १२ कर्मचारीलाई दिएको रु.२०९३०६०।- पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको नदेखिंदा नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

७. **अनुपातिक कट्टी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा सम्झौता अनुसारको योगदान भन्दा कम काम भएमा आनुपातिक कट्टी गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले ४ उपभोक्ता समितिलाई खुद काम गरेको अनुपात भन्दा रु.४९१२६।५० बढी भुक्तानी दिएकोले सो रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ ।

८. **भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को बुदा नं.१३ (२) बमोजिम लाभग्राहीलाई प्रथम चौमासिकमा बडा दशै पूर्व आश्विन १ गते दोश्रो चौमासिकमा माघ १२ गते र तेश्रो चौमासिकमा जेष्ठ १५ गते भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले गाविस तथा नगरपालिकाकालाई मिति २०७१।७।१४ र २४ मा पहिलो चौमासिक, मिति २०७३।२।६ मा दोस्रो र तेस्रो किस्ता एकै पटक निकाशा दिएको देखियो । कार्यविधिले तोके बमोजिम भत्ता वितरण गर्न समयमा निकासा नदिँदा जुन उद्देश्यले लक्षित वर्गमा भत्ता वितरण गर्न खोजिएको हो सो अनुरुप लक्षित व्यक्तिले भत्ता पाउने समय र रकम सम्बन्धमा पूर्वानुमान गरी ढुक्क हुन नसक्ने अवस्था छ । कार्यविधि बमोजिम समयमै भत्ता वितरण गर्नका लागि जिल्ला विकास समिति जिम्मेवार हुनुपर्दछ ।

९. **जिल्ला यातायात गुरुयोजना :** कृषि तथा स्थानीयस्तरका सडक (स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम) कार्यान्वयन निर्देशिका, २०६३ को निर्देशिका ५(२) मा जिल्ला गुरुयोजनामा प्राथमिकतामा परेका सडक योजनालाई मात्र बजेट विनियोजन गर्नुपर्ने उल्लेख छ। कार्यालयले जिल्ला यातायात गुरुयोजनामा समावेश नभएका ९ वटा योजनामा रु.३३,००,०००।- खर्च गरेको छ । निर्देशिका विपरित बजेट विनियोजन गर्ने परिपाटीमा नियन्त्रण गरिनुपर्दछ ।

१०. **अधुरा योजना :** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा जिल्ला विकास समितिको कार्यालयले योजना छनौट गर्दा लागत, समय, श्रोत र त्यसबाट प्राप्त हुने प्रतिफलसमेत पूर्वानुमान गरेर योजना छनौट तथा सञ्चालन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान रु.५५३४७१५९।० भएका गत विगत वर्षदेखि सञ्चालित २२ वटा योजनामा यो वर्ष रु.१६१९६६२७०० खर्च गरेकोमा योजना सम्पन्न भएका छैनन् । अधुरा रहेका योजना समयमै सम्पन्न गर्नु पर्दछ ।

११. **स्थानिय स्तरका सडक पुल :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा निर्माण कार्य सम्पन्न भएपछि व्यावसायीबाट एज विल्ट ड्रईङ्ग पेश गर्नुपर्ने व्यवस्था तथा २ पक्कि पुल निर्माण कार्यका लागि निर्माण व्यवसायीसँग सम्झौताबमोजिम सम्झौता अंकको २ प्रतिशत भुक्तानी रोक्का राख्नुपर्नेमा २ वटा पक्कि पुलको निर्माण सम्पन्न भएको ८ महिना भन्दा बढी समय भैसक्दा समेत सम्झौतानुसार एज विल्ट ड्रईङ्ग पेश भएको छैन । एज विल्ट ड्रईङ्ग तयार गर्ने अवधि समेत समाप्त भैसकेको अवस्थामा सम्झौताको कार्यान्वयन भएको नदेखिएकोले सम्झौताको शर्त बमोजिम सम्बन्धित व्यावसायीबाट रु.६,७८,०८०.७७ असुल गर्नुपर्दछ ।

१२. **सेती नदी पुल (पानकोट):** सेती नदि पानकोट पुल निर्माणको लागी निर्माण व्यवसायी निलगीरी जागृति जे.भी.सँग मिति २०७४।३।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७२।१।८ मा रु.६,७८,४७,४७२।९२ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले प्रथम रनिङ्ग विलबाट रु.५६,७०,११२।९८ को काम भई ७० प्रतिशत म्याद थप हुंदासम्म ८.३५ प्रतिशत मात्रै कार्य भएको छ। पटक पटक ताकेता गर्दा समेत निर्माण व्यवसायीले कार्य सञ्चालन नगरेको कारण प्रगति न्युन भएको कार्यालयले जनाएको छ । निर्माण कार्यमा ढिलाईको कारण समय, लागत बढ्न सक्ने र पुलबाट लाभ हुने लाभग्राहीले समयमै सेवा प्राप्त गर्न नसक्ने हुँदा सम्झौताको शर्तबमोजिम कार्य सम्पन्न गर्न गराउन ध्यान दिनुपर्ने देखिएको छ ।

१३. **झोलुङ्गे पुलतर्फ :** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६८ को नियम ४६ अनुसार खर्च प्रमाणित हुने प्रमाण संलग्न गरी भुक्तानी दिनुपर्दछ । कार्यालयले जिल्लाका १०६ वटा झोलुँगे पुलहरुको नियमित मर्मतको लागि हेरालु खर्च बापत बार्षिक ६ हजारका दरले जम्मा रु.६,३६,०००।०० नगरपालिका र गाविसमार्फत भुक्तानी गरेकोमा भुक्तानी पाउने हेरालुको नाम र भरपाई उल्लेख छैन । हेरालुको नाम समेतको विवरण र भरपाई भरपाइ संलग्न नगरी गा.वि.स तथा

नगरपालिकाको खातामा निकासा पठाएको देखिएकोले खर्च प्रमाणित हुने कागजात पेश हुनुपर्दछ। संचालित योजनाहरु समयमै सम्पन्न गर्नुपर्नेमा कार्यालयबाट खोरीगाड (रन्कने) झोलुङेपुलको रु.३०,३४,५१४।१० को लागत अनुमान स्वीकृत मध्ये गत वर्षसम्म रु.१६,३१,२६५।५८ खर्च भैसकेकोमा निर्माण स्थलमा कडा चट्टान भएको तथा उपभोक्ता समितिका पदाधिकारीले चासो नदिएको तथा जिल्ला बाहिर रहेको कारण पुल निर्माण हुन नसकेको कार्यालयबाट नियुक्त गैर सरकारी संस्थाको प्रतिवेदनबाट देखिन्छ । अधुरो रहेको उक्त पुल निर्माण हुन नसकेकोमा हालसम्मको खर्चको उपयोगिता नरहने हुँदा योजना सम्पन्न गर्न सम्बन्धित सबैले ध्यान दिनुपर्ने देखिन्छ ।

१४. **खर्चको अनुगमन** : स्थानीय नागरिकको आय आर्जनमा अभिवृद्धि गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्यले स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट प्राप्त रकम कार्यालयले बाखा र बंगुरको खोर निर्माण, गाईगोठ सुधार, चिस्यान केन्द्र निर्माण, मौरी पालन, टलेन हाउस, सिंचाई पोखरी, बंगुर खोर निर्माण लगायतका क्षेत्रमा स्थानीय नागरिक सचेतना केन्द्र मार्फत कार्यक्रम सञ्चालन गर्न यो वर्ष ११ वटा गाउं विकास समितिका ११ नागरिक सचेतना केन्द्रका लागी रु २,८०,०००।- का दरले ३०,८०,०००।- निकासा गरी खर्च लेखेको छ । नागरिक सचेतना केन्द्र, साना सामुदायिक पूर्वाधार विकास अनुदान सम्बन्धी मार्गदर्शनमा उपभोक्ता समिति र अनुगमन समिति गठन गरी नागरिक सचेतना केन्द्रको जिम्मेवारीमा योजना कार्यान्वयन गर्नुपर्ने र योजनाको प्राविधिक जांचपास, फरफारक, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, अनुगमन तथा मूल्यांकन गाउं विकास समितिले गर्नुपर्ने र सबै योजनाको योजनागत खर्च एवं भौतिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र जिल्ला विकास समितिको कार्यालयमा प्राप्त हुनुपर्ने प्रावधान भएकोमा उल्लिखित प्रावधान अनुसार कार्यक्रम सञ्चालन गरेको पुष्टि हुने प्रमाण पेश नभएकोले खर्च लेखिएको रकम उद्देश्यमूलक भएको छ भनी विश्वस्त हुने आधार रहेन । सञ्चालित कार्यक्रमको योजनागत खर्च एवं भौतिक प्रगति प्रतिवेदन लिई अनुगमन तथा मूल्यांकन हुनुपर्दछ ।

१५. **निर्वाचन क्षेत्र विकास कार्यक्रम** : निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०५८ को नियम ६(४) अनुसार यस नियमावली बमोजिम पेश भएको कार्यक्रमको लागी विनियोजित रकम सम्बन्धीत गाउ विकास समितिमा पठाउन सकिने व्यवस्था रहेको छ । सोही व्यवस्था अनुसार ५ सभासदका निर्वाचन क्षेत्रमा विभिन्न गाविसलाइ ४९ कार्यक्रमका लागि रु.६३५६०००।- अनुदान निकासा दिएको पाइयो । अनुदान निकासाको खर्चको श्रेस्ता तथा फाँटवारी गाविसमा नै रहने गरेको कार्यालयको भनाई रहेको छ । नियमावली नियम ८(क) अनुसारको कार्यक्रमको अनुगमन मूल्यांकन गरेको प्रतिवेदन तथा विवरण सोही नियममा उल्लेख भएका निकायमा पठाउनु पर्ने व्यवस्था छ तथा सो अनुसारको विवरण पठाएको देखिएन । नियमावली बमोजिम अनुगमन मूल्यांकन गरी प्रतिवेदन पेश हुनुपर्दछ ।

१६. **बढी खर्च** : निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०८ को नियम ८(१) मा प्रशासनिक कार्यका लागी प्रत्येक व्यवस्थापिका संसद सदस्यले रु.५००००।०० सम्म खर्च गर्न सक्ने व्यवस्था रहेको छ । २ व्यवस्थापिका संसद सदस्यको लागी प्रशासनिक खर्च वापत निजहरुको प्रतिनिधिलाई भुक्तानी गरी रु.१०००००।०० बढी खर्च लेखेको छ । नियमको सिमाभन्दा बढी खर्च लेखेको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

१७. **कर कट्टी** : आयकर ऐन, २०५८ बमोजिम अन्तिम भुक्तानीको समयमा अग्रिम कर कट्टी गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नु पर्नेमा ग्रामिण खानेपानी चालुतर्फ रु.४,८६०।०० लेखापरीक्षणको समयसम्म दाखिला भएको नदेखिएकोले दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

## विकेन्द्रित ग्रामिण पूर्वधार तथा जिविकोपार्जन सुधार कार्यक्रम

१८ **लक्ष्य प्रगती** : कार्यालयले चौमासिक प्रगती देखिने गरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ बमोजिम कार्ययोजना तयार गरी क्रियाकलापहरु सम्पादन गर्नुपर्दछ । कार्यालयले योजनागत प्रगती विवरण तयार गरेको नदेखिएता पनि कार्यक्रम अन्तर्गत जिल्ला सडक निर्माण पुरक लगानीका योजना, मूआव्जा वितरण र तालिम कार्यक्रममा क्रमश ९०.९१, ८१.८२, ४० र २१ प्रतिशत भौतिक र ९९.७२, ९८.६६, २५.६८ र ८६.५१ प्रतिशत वित्तिय प्रगती देखाएको छ । सम्झौताका शर्त पालना गरी गराई बार्षिक लक्ष्य बमोजिम प्रगती हासिल गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

१९ **दंगाजी खोलीबजार सडक - खण्ड १** : दंगाजी खोलीवजार सडकको चेनेज नं. १५+७६२ देखि ३०+००० सम्मको सडक खण्डमा ढुंगामाटोको काम गरी सडक निर्माण तथा विभिन्न संरचना निर्माण गर्न रु ६७४१४७१९।४० को लागत अनुमान स्वीकृत भएकोमा रु.६,४१,९६,३५२।१७ को सम्झौता मूल्यमा निर्माण व्यवसायी एक जे.भी सँग कार्यादेश पाएको मितिले ९ महिना भित्र कार्य सम्पन्न गर्ने गरी २०७२।५।२० मा सम्झौता भएकोमा २०७३।५।२० सम्म म्याद थप भएको र दोश्रो विलसम्म रु.४,७५,९३,०५५।२० भुक्तानी भएको देखिएकोमा लेखापरक्षण अवधिसम्म कार्य सम्पन्न भएको छैन । निर्माण व्यवसायीलाई २०७३।७।२० सार्वजनिक सूचनामार्फत ताकेता भएको यस योजनाको अवधि सन् २०१७ को अन्तसम्म रहेको हुँदा सो अवधिसम्म कार्य सम्पन्न नभएमा नेपाल सरकारलाई थप दायित्व पर्न जाने स्थिती छ। निर्माण व्यवसायीबाट सुरक्षाको कारण देखाई काममा ढिलाइ गरेको उल्लेख गरेतापनि कार्यालयले स्थलगत निरिक्षण गर्दा यस्तो अवस्था नरहेको जनाएको छ । सार्वजनिक खरिद तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली र अन्य नियम तथा ठेक्का सम्झौताका शर्त बमोजिम नेपाल सरकालाई थप व्ययभार नपर्ने गरी समयमै कार्य सम्पन्न गर्न सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।

२० **दंगाजी खोलीबजार सडक -खण्ड २ :** दंगाजी खोली बजार सडकको चेनेज नं. ०+००० देखि १५+६७२ सम्मको विभिन्न सडक खण्डमा ढुंगामाटोको काम गरी सडक निर्माण तथा विभिन्न संरचना निर्माण गर्न रु.६,३०,००,४५०।६५ को सम्झौता मुल्यमा निर्माण व्यावसायी एक जे.भीसँग मिति २०७१।३।१ मा सम्झौता मितिले ११ महिना भित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा केन्द्रिय समन्वय इकाईको सहमती पश्चात मिति २०७३।२।३१ सम्म म्याद थप भएतापनि लेखापरीक्षण अवधि (२०७३।८।२७ सम्म) कार्य सम्पन्न भएको छैन । ठेक्का सम्झौता कार्यान्वयनको चरणमा च.नं. ५+५०० देखि ६+५०२ र १३+००२ देखि १५+७६२ मा कडा चट्टान भेटिएकोले मानिसद्धारा कार्य गर्न नसकिने भई मेशिन लगाउन निर्माण व्यवसायीबाट माग भएकोमा निर्माण व्यवसायी र कार्यालयविच वार्ताबाट दर निर्धारण गरी कार्य गर्न व्यावसायी सहमत नभएको कारण देखाई व्यावसायीबाट निर्माण कार्यमा ढिलाई भएको कार्यालयले जनाएको छ । यस योजनाको अवधि सन् २०१७ को अन्तसम्म रहेको हुँदा सो अवधिसम्म कार्य सम्पन्न नभएमा नेपाल सरकारलाई थप दायित्व पर्न जान्छ । सार्वजनिक खरिद तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली र अन्य नियम तथा ठेक्का सम्झौताका शर्त बमोजिम नेपाल सरकालाई थप व्ययभार नपर्ने गरी समयमै कार्य सम्पन्न गर्न सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।

२१ **प्रोभिजनल सम** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६ अनुसार भुक्तानी गर्दा खर्च प्रमाणित हुने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ। साथै प्रोभिजनल समतर्फ भुक्तानी गर्दा वास्तविक खर्चको आधारमा गर्नुपर्दछ । कार्यालयले विकेन्द्रित ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम अन्गातर्गत दंगाजी महेन्द्रधार सडकको चेनेज नं. ५+१०० देखी

५+५०० सम्मको विभिन्न निर्माण कार्यका लागि वीमा बापतको १,०१,०५०।- भुक्तानी गरेकोमा सक्कल वीमा पोलिसी र विजक संलग्न नगरेको, ३ कर्मचारीको रु.१७,३६०।- सम्बन्धितले बुझेको भरपाई संलग्न नभएको, पाराकाट्ने गाउं स्तरीय निर्माण समितिलाई सञ्चालन खर्च बापत रु.३६,०००।- भुक्तानी गरेकोमा खर्च प्रमाणित हुने विल भरपाई तथा समितिको माइन्युट पेश नभएकोले सम्बन्धितबाट उक्त रकम असुल गर्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा, जिन्सी निरीक्षण नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान र विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कार्यालयको निरीक्षण नभएको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, खरिद गर्नुपर्ने सामानको मौजुदा सूची तयार नगरेको, मासिक रुपमा गर्नु पर्ने आान्तरिक लेखापरीक्षण वार्षिक रुपमा गरे गराएको, सार्वजनिक लेखा समितिमा भएको निर्णयको अभिलेख नराखेको अवस्था देखिएको छ । ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति विवरण :** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम लक्ष्य हासिल गर्नु पर्नेमा सवैका लागि शिक्षा कार्यक्रममा बार्षिक भौतिक प्रगति ६५ प्रतिशत मात्र रहेको छ भने विद्यालय क्षेत्र सुधार कार्यक्रम, निरन्तर शिक्षा कार्यक्रम र बहुक्षेत्रीय पोषण कार्यक्रममा ७५ प्रतिशतसम्म प्रगति भएको देखिएको छ। ७५ प्रतिशत भन्दा घटी प्रगति भएका कार्यक्रमको स्थिति खुलेको छैन। लक्ष्यबमोजिम प्रगति हासिल गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

३. **नाम बेगर भुक्तानी :** बाल विकास मा.बि. गोलाइका एक प्रा.वि. शिक्षकलाई प्रथम चौमासिक अबधिको तलव र चाडपर्व खर्च रु.१,९१,९२८।- खर्च लेखेकोमा विद्यालयले पेश गरेको माग फाराममा निजको नाम उल्लेख भएको देखिएन । कैलास मा.वि. लोतुका एक प्रा.वि. शिक्षकको प्रथम चौमासिक तलव भत्ता रु.३४,८४०।- भुक्तानी गरेकोमा विद्यालयबाट प्राप्त माग फाराममा निजको तलव माग गरेको देखिएन । साथै आधाबगर मा.वि. डोगडीका प्रा.वि. शिक्षक ४ जनाको प्रथम चौमासिक रकम माग गर्दा विद्यालयले ३ शिक्षकको लागि दर्शै खर्चसमेत रु.३,४७,१८०।- माग गरेकोमा माग फाराममा निज शिक्षकको नाम उल्लेख नभएको र माग नगरेका एक शिक्षकको तलव भत्ता बापत रु.१,१७,२५०।- समेत बढी निकासा दिएको छ । माग फाराम बेगर निकासा दिएको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

४. **फरक खर्च शीर्षक :** आर्थिक संकेत तथा वर्गीकरण, २०७१ बमोजिम बजेट खर्च गर्दा सम्वन्धित शिर्षक अनुसार गर्नुपर्नेमा हुलाक र कुरीयर खर्च बापतको रु.८७५०।०० अन्य सेवा शुल्कबाट खर्च लेखेको छ । आर्थिक संकेत तथा वर्गीकरण बमोजिम खर्च गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

५. **अभिमुखीकरण** : विद्यालय निरिक्षक एकलाई निरन्तर शिक्षा सम्बन्धी अभिमुखिकरणबापत विभिन्न खर्चको रु.१ लाख ६४ हजार ४५० भुक्तानी दिएकोमा उक्त खर्च मध्ये कार्यक्रमको अनुगमन गरेबापत ३ जनालाई २ दिनको रु.१० हजार र अनुगमन प्रतिवेदन तयार बापत रु.३ हजार समेत जम्मा रु.१३ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन तयार गरेको पाईएन । साथै उक्त भुक्तानीमा आयकर ऐन २०५८ अनुसार कट्टी गर्नु पर्ने रु.१५ प्रतिशत कर रु.१,९५०।- कट्टी गरेको छैन । अनुगमन प्रतिवेदन बेगर खर्च लेखेको रकम रु १३ हजार र कर कट्टी नभएको रु १९५०।०० असुल हुनुपर्दछ ।

६. **आयकर :** आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कर कट्टी गनुपर्नेमा २ विभिन्न भुक्तानीमा रु.२१४५०।- अग्रिम आयकर कट्टी गरेको छैन भने १ भुक्तानीमा रु.१०७३३।- घटी दाखिला गरेको रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

७. **विद्यालय भवन निर्माण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा अनुसूची १ अनुसार लागत अनुमान तयार गर्नु पर्ने र नियम ९७ अनुसार रु.६० लाख सम्मको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ। कार्यालयले यो बर्षको बार्षिक कार्यक्रम अनुसार ४ विद्यालयसँग रु.६० लाखका दरले भवन निर्माण सम्झौता गरेको छ । सम्झौता साथ संलग्न ड्इङ तथा डिजाइन केन्द्रबाट पठाएतापनि Detail Estimate सहित को लागत अनुमान (परिमाण विश्लेषण तथा दर विश्लेषण) संलग्न गरेको छैन भने सम्झौताको शर्त २ मा लागत अनुमान अनुसार कम्तिमा ५ प्रतिशत श्रमदान हुने उल्लेख भएकोमा उक्त भवनहरुको न्यूनतम लागत अनुमान रु.६३,१५,७९०।०० भएकोमा नियममा भएको व्यवस्था विपरित रु.६० लाख भन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराइ रु.२ करोड ९२ लाख ६३ हजार खर्च लेखेको अनियमित देखिएको छ ।

८. **कार्य सम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को अनुसुची १ बमोजिमको ढांचामा रु.२५ हजार भन्दा बढीको खरिदमा लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्ने उल्लेख छ । कार्यालयले यो बर्ष ८ कोठे भवन ४ वटा प्रति भवन अनुदान रु.६० लाख र ६ कोठे ४ वटा प्रति भवन रु.४८ लाखका दरले २७ विद्यालयसँग रु.४ करोड ५१ लाखको निर्माण सम्झौता भैसकेकोमा सो भवनको विस्तृत लागत अनुमान नगर्नुका साथै कार्य सम्पन्न प्रतिवेदन समेत पेश नभएकोले समयमा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

९. **न्यून विधार्थी** : कार्यालयबाट प्राप्त विवरण अनुसार मष्टा प्राथमिक विद्यालयमा १९ जना विधार्थी र २ शिक्षक, बाल उदय प्रा.वि.मा २२ विधार्थी र २ शिक्षक, र डाडा बाल प्राथमिक विद्यालया २२ विधार्थी र ३ शिक्षक र समैजी प्राथमिक विद्यालयमा विना विद्यार्थी ३ जना शिक्षक दरबन्दी रहेको छ । समैंजी प्राथमिक विद्यालयका ३ जना शिक्षकलाई अन्य विद्यालयमा काजमा राखी काम लगाइएको जाानकारी प्राप्त भएको छ । न्यून विधार्थी र बढी शिक्षक दरवन्दी भएका विद्यालय तथा शिक्षक दरवन्दीलाई समायोजन गरी व्यवस्थित गर्नु पर्दछ ।

१०. **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) बमोजिम सार्वजनिक निकायले पच्चीस हजार रुपैयाँभन्दा बढीको सामान सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्नेमा रु.३ लाख १७ हजारको २ छपाई कार्य सिधै गराएको अनियमित देखिएको छ ।

११. **बढी ग्रेड भुक्तानी** : वार्षिक रुपमा कर्मचारीको तलवी प्रतिवेदन पारित गराई यकिन भएको ग्रेड रकम भुक्तानी गर्ने व्यवस्था रहेकोमा कार्यालयले विभिन्न ६ कर्मचारीको तलव भुक्तानी गर्दा रु.१९ हजार ५१० बढी ग्रेड भुक्तान गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी निरीक्षण नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, समितिको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कर्मचारीहरुको

कार्य विवरण तयार नगरेको तथा कर्मचारीले स्थायी लेखा नम्बर नलिएको अवस्था देखिएको छ। ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **लक्ष्य प्रगति** : कार्याललाई विभिन्न बजेट उपशिर्षक अर्न्तगत प्राप्त बजेट र लक्ष्य मध्ये क्षय रोग नियन्त्रण कार्यक्रको वार्षिक लक्ष्य मध्ये ५२.९१ प्रतिशत मात्र प्रगति भएको छ भने अन्य शिर्षकहरुको हकमा ७५ प्रतिशत भन्दा बढी प्रगति भएको पाइयो। लक्ष्यबमोजिम प्रगति हासिल गर्न कार्यालयले ध्यान दिनुपर्दछ।

३. **अन्तिम चौमासिकको खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(१) को अनुसूची १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र खर्च रकम उल्लेख छ। कार्यालयले पूँजीगत खर्चतर्फ पहिलो चौमासिकमा शून्य, दोश्रो चौमासिकमा ०.०१ प्रतिशत, तेस्रो चौमासिकमा ९९.९९ प्रतिशत खर्च र सो मध्ये आषाढमा मात्रै ८४.६० प्रतिशत खर्च गरेको देखिएको छ। नियमावलीको व्यवस्था बमोजिम तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ।

४. **दरबन्दी/पदपूर्ति** : नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ (क) २ मा कुनै पद रिक्त भएमा १ महिना भित्र लोक सेवा आयोगलाई जानकारी दिनुपर्ने व्यवस्था छ। कार्यालयवाट प्राप्त स्वीकृत दरवन्दी विवरण अनुसार विभिन्न श्रेणी र तहका ३४८ कर्मचारीको दरवन्दी रहेकोमा २३६ पदपूर्ती भई ११२ पद रिक्त रहेको छ। मे.सु. १ जना, त.अ. १ जना, प्रा.स्वा. केन्द्र, स्वास्थ्य चौकीमा हे.अ/सि.अ.हे.व. अ.हे.व. ४७ ,स्टाफ नर्स/ अ.न.मी. ३७, र का.स. २७ जना रिक्त रहेको देखिन्छ। रिक्त पदहरु पूर्ति नहुदाँ आधारभूत स्वास्थ्य सेवा प्रवाहमा असर पर्ने भएकोले रिक्त दरवन्दी पूर्ति गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

५. **बढी ग्रेड भुक्तानी** : तलवी प्रतिवेदन पारित गरेर मात्रै कर्मचारीको तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्थाबमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ्गबाट आ.व. ०७२/७३ का पारित प्रतिवेदन अनुसार तलव तथा ग्रेड खर्च लेख्नु पर्नेमा २ कर्मचारीलाई प्रतिवेदनमा पारित ग्रेड भन्दा रु.७०४०।०० बढि भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी रकम रकम असुल गर्नुपर्दछ।

६. **औषधी तथा उपकरण** : प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप-स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक औषधी तथा उपकरण तालुक कार्यालयबाट प्राप्त हुने परिमाण र मागको आधारमा वार्षिक आवश्यकता पहिचान तथा निर्धारण गरिनुपर्दछ। कार्यालयले औषधी खरिद गर्दा उल्लेखित विवरण तयार नगरी गत वर्षको खर्च परिमाणलाई मात्र ध्यान दिई खरिद कार्य गर्ने गरेको तथा मातहतका स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गर्दा सम्बन्धित स्वास्थ्य संस्थाहरुबाट प्राप्त माग फारम संलग्न नगरी गर्ने गरेको देखिन्छ। तालुक निकायबाट प्राप्त हुने औषधी तथा मातहतका स्वास्थ्य संस्थाबाट प्राप्त हुने मागलाई आधार नमानि औषधी तथा उपकरण खरिद गर्दा तत्काल मातहतका स्वास्थ्य संस्थामा मौज्दात रहेका तथा विभागबाट प्राप्त हुने औषधी तथा उपकरण नै खरिद हुनसक्ने भएकोले औषधी तथा उपकरण खरिद गर्दा आवश्यकता पहिचान पश्चात मात्रै खरिद कारवाही गर्नुपर्दछ।

७. **पूर्व निर्धारित क्षतिपूर्ति** : सम्झौतामा उल्लेखीत समयावधि भित्र औषधी आपूर्ति गर्नुपर्नेमा कार्यालयले रु.३२८८३३२।०० को औषधी खरिदका लागि एक मेडिसिन सेन्टरसँग २०७२।११।१० भित्र औषधी सप्लाई गर्ने गरि मिति २०७२।१०।१० मा सम्झौता गरेकोमा २०७२।१२।३ मा औषधी भण्डार दाखिला गरेको देखिएको छ। सप्लायर्सले दर्ता नम्बर ९०४ को निवेदनबाट म्याद थप माग गरेको निवेदनमा दर्ता मिति २०७२।११।२२ उल्लेख छ भने दर्ता किताबमा उक्त निवेदन २०७२।१२।१ मा दर्ता भएको देखिन्छ। उक्त निवेदनको आधारमा २०७२।११।३० सम्म म्याद थप

भएको छ। म्याद थप सम्बन्धी निवेदन समयमै दर्ता हुनुपर्नेमा पछाडिको मितिमा दर्ता गरी अघिको मिति राखेको देखिन्छ। म्याद थप बाहेक ३ दिन पछि मात्र औषधी आपूर्ति गरेकोले दैनिक ०.०५ प्रतिशत प्रति दिनले हुने रु.४९३३।०० पूर्व निर्धारीत क्षतिपूर्ति सम्बन्धित आपुर्तकबाट असुल हुनुपर्दछ।

८. **औषधि भण्डार परीक्षण :** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका २०७१।०७२ बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ। त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प. को ४७ औं प्रतिवेदनको निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्वन्धमा सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधि तथा सर्जिकल सामानमध्ये बढी खपत हुने १० प्रकारका औषधि मध्ये ६ मा उक्त लोगो प्रयोग गरेको नदेखिएकोले निर्देशिका एवं लेखा समितिको निर्देशन पालना गर्नुपर्दछ।

९. **हस्तान्तरण फारम :** लेखापरीक्षणको क्रममा औषधी माग र हस्तान्तरण फारमको नमुना परीक्षण गर्दा हेमन्तवडा स्वास्थ्य चौकीले मिति २०७२।११।२८ मा ४० प्रकारका औषधी माग गरेकोमा १७ प्रकारका औषधीमात्र दिएको पाइयो भने व्याच नम्बर NH 17PO27 भएका RL 500 ml, ११ कार्टुन (प्रति कार्टुन २४ वोतल गरी २६४ बोतल) उत्पादन मिति सन् २०१३ अगष्ट र म्याद समाप्त हुने मिति २०१६ जुलाई रहेको देखिएको छ। साथै, कार्यालयबाट खरिद गरेको, विभिन्न संस्थाहरुबाट प्राप्त गरेको र केन्द्रबाट प्राप्त औषधीको अलग अलग देखिने गरी अभिलेख व्यवस्थापन गरेको छैन।

१०. **मौज्दात प्रणाली :** औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासी बीच सन्तुलन कायम रहनु पर्दछ। Authorised Stock Level, Emergency Order Point र औषधि प्राप्त हुने र बितरण हुने समय Lead time, Minimum Consumption Item को आधारमा मौज्दातको अवस्था निर्धारण हुने गर्दछ। मौज्दातको स्तर निर्धारण नहुँदा र आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रक्रिया निर्धारण नगरिंदा उल्लेखित मौज्दात अवस्था घटी बढी देखिन आएको छ। आवश्यकताको आधारमा खरिद र प्राप्ति बीच समन्वय समेत नहुँदा Pulling प्रणाली रहेको देखिएन। मौज्दातको स्तरयुक्त Level निर्धारण गर्न pushing system लाई एकातर्फ नियन्त्रण गर्नुपर्ने देखिन्छ भने आवश्यकताको आधारमा खरिद र प्राप्ति बीच सन्तुलन कायम राख्नु पर्दछ।

११. **गुणस्तर सम्बन्धमा** : आर्थिक कार्यविधि नियावली, २०६४ को नियम ११५(१) बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण परिक्षण गर्न गराउनु पर्ने व्यवस्था छ। यस कार्यालयबाट खरीद गरिएका औषधी तथा सर्जिकल सामानहरु स्टोर दाखिला गर्न पूर्व सम्झौता बमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादन कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरि समग्र व्यहोरा खोली निरीक्षण प्रतिवेदन भएको छैन। प्रतिवेदन तयार नहुँदा मालसामानको यकिन अवस्था नखुल्ने भएकाले निरिक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरि मात्र भण्डारण गर्नुपर्ने देखिन्छ।

१२. **भरपाई बेगर खर्च :** आर्थिक कायविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले एकिकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रमको क्रियाकलाप नम्बर ३६ भ्याक्सिन तथा खोप सामाग्रीको ढुवानीको लागि यातायात खर्च वापत रु.१६५०००।०० पेश्की फछ्र्यौट गरेकोमा श्रेस्ता परीक्षण गर्दा ५२ जना

खोप ढुवानी कर्ता कार्यालय सहयोगीलाई रु.१४००००।०० बुझाएको भरपाई पेश गरेको र मिति २०७३।३।२७ देखी २०७३।३।३१ सम्म देउलेख र खिरातडि स्वास्थ्य चौकीबाट खोप सामाग्री लिएर आएको व्यहोरा जनाई रु.८६९०।०० दैनिक तथा भ्रमण भत्ता बुझेको पाइएकोले उद्देश्य विपरितको कार्यको भ्रमण खर्च रु.८६९०।०० र भरपाई नपुगेको रु.२५०००।०० समेत रु.३३६९०।०० सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

१३. **बढी खर्च** : कार्यालयले सम्बन्धित कार्यक्रमको स्वीकृत नर्म्स अनुसार खर्च लेख्नु पर्ने तथा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्नेमा विभिन्न ४ कार्यक्रममा तोकिएको नर्म्स भन्दा रु.३४३१५३.०० बढी खर्च तथा कार्यालयका खोप अधिकृतले २ कार्यक्रमको पेश्की फछ्र्यौट गर्दा रु.३९९५७।०० को विल भरपाई संलग्न नगरी बढी खर्च लेखेको सहित जम्मा रु ३८३११०।०० असुल गर्नुपर्दछ ।

१४. **आधार वेगरको खर्च** : आर्थिक कायविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम सरकारी रकम खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयका खोप अधिकृतले दादुरा रुवेला खोप अभियान संचालन गरि रु.३२००००० पेश्की फछ्र्यौट गर्दा कालुखेती स्वास्थ्य चौकी छान्नालाई गोष्ठी तथा तालिम संचालनवापत रु.६१८० र अभियान संचालन खर्च रु.२३२८० गरी जम्मा रु.२९४६०।०० भुक्तानी दिएकोमा सो खर्चको पुष्टि हुने वील भरपाई संलग्न गरेको नदेखिएकोले असुल गर्नुपर्दछ ।

१५. **असम्बन्धित खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम खर्चको आदेश दिदा रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकभित्र रहे नरहेको ध्यान दिनुपर्नेमा जिल्ला स्वास्थ्य कार्यालयमा मिति २०७२।१०।६ र ७ गते संचालन भएको दादुरा रुवेला अभियान, २०७२ को स्वास्थ्य संस्था प्रमुखहरुको योजना तर्जुमा गोष्ठिमा जिल्लाका विभिन्न स्वास्थ्य संस्थाका प्रमुखहरुको दैनिक तथा भ्रमण भत्तावापत रु.१६१७७०।०० खर्च भुक्तानी गर्दा स्वीकृत कार्यक्रम भन्दा फरक पारी भ्रमण भत्ता वापत रु.४१७३०।०० बुझेकोमा कार्यक्रमसँग असम्बन्धित खर्च भएको गरेकाले अनियमित देखिएको छ ।

१६. **भ्रमण अभिलेख** : भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयका खोप अधिकृत र सि.अ.हे.व. को भ्रमण आदेश चलान नम्बर क्रमशः ५०४ र ५०५ बाट मिति २०७२।१०।२४ देखी २०७२।११।१ सम्म दादुरा रुवेला अभियानको सुपरिवेक्षण गर्ने भनि दैनिक तथा भ्रमण भत्तावापत रु.१२७२० का दरले भुक्तानी लिएकोमा कार्यालयले राखेको भ्रमण अभिलेख परिक्षण गर्दा सो चलान नम्बरबाट अन्य व्यक्तिहरु काजमा गएको साथै सो मितिको निजहरुको भ्रमण अभिलेख नभएकोले दैनिक तथा भ्रमण वापत बुझेको रु.२५४४०।०० असुल गर्नुपर्दछ ।

१७. **अग्रिम कर** : आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कर कट्टी गनुपर्नेमा पारिश्रमिक कर रु.१०,७७०।-, बहाल कर रु.९,९००।- अग्रिम आयकर रु.१६,७५२।- समेत रु.३७४२२।- असुल गर्नुपर्दछ ।

१८. **कार्यक्रम स्वीकृति र खर्च** : आर्थिक कार्यविधि नियमावली २०६४ मा स्विकृत वजेटको अधिनमा रही स्विकृत कार्यक्रममा विल भर्पाइको आधारमा खर्च गर्न सक्ने उल्लेख छ । यूएनएफपीएका अन्तर्गत ३ विभिन्न कार्यक्रम संचालनका लागि सि.अ.हे.अ.को पेश्की फछ्र्यौट गर्दा विभिन्न शिर्षकमा कार्यक्रम संसोधनवेगर स्वीकृत बजेट भन्दा रु ५९२००।०० बढी खर्च गरेको अनियमित देखिएको छ ।

१९. **सामाजिक संस्थालाई अनुदान** : सामाजिक संस्थालाई दिएको अनुदानको अनुगमन हुनुपर्दछ । कार्यालयले देउलीकोट सामुदायिक स्वास्थ्य इकाईलाई रु.४०००००। अनुदान दिएकोमा उक्त अनुदानको अनुगमन र संस्थाको लेखापरीक्षण प्रतिवेदन संलग्न गरेको छैन । अनुदान खर्चको अनुगमन नहुँदा तोकिएको प्रयोजन बाहेक अन्य क्षेत्रमा प्रयोग भई अनुदानको प्रभावकारीतामा असर पर्ने भएकोले जिल्ला स्वास्थ्य कार्यालयले नियमितरुपमा ती स्वास्थ्य केन्द्रको निरिक्षण र सेवाको अनुगमन गरि अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

२०. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा यस नियमावली बमोजिम दिएको पेश्की नियमावलीमा तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैथरीको कर्तव्य हुने उल्लेख छ । समयमै पेश्की फछ्र्यौट गर्नुपर्नेमा १ व्यावसायी र ३ कर्मचारीको समेत गरी जम्मा रु ४८९१५९०।०० पेश्कीको फछ्र्यौट गर्ने म्यादसमेत समाप्त भईसकेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

२१. **स्वास्थ्य शिविर** : स्वास्थ्य शिविरमा प्रयोग हुने औषधीको अभिलेख दुरुस्त हुनुपर्दछ । २०७२।१२।१२ मा मेलविसौनामा भएको स्वास्थ्य शिविरका लागि २०७२।१२।११ को निर्णयानुसार ३९ प्रकारका औषधीहरु हे.अ.श्री दिपक ऐडीलाई दिएकोमा उक्त शिविरमा खपत भएको औषधीको (बिरामी र औषधीगत) अभिलेख नराखेको तथा आपूर्ति व्यवस्था महाशाखामा फाराम भरी पठाएको स्वास्थ्य शिविरको औषधी खर्चको प्रतिवेदनमा स्पष्ट विवरण खुलेको छैन । स्वास्थ्य शिविरको औषधी खपत नभै बाँकी औषधी सम्बन्धित स्वास्थ्य संस्थाले बुझेको भरापाई नरहेको तथा बुझाएको परिमाणसमेत प्रतिवेदनमा खुलेको छैन । शिविरमा भएको औषधी खपतको यकिन तथ्याङ्क आपूर्ति व्यवस्था महाशाखालाई नपठाएको कारण आगामी वर्षको लागी औषधी आपूर्तिको योजना र आपुर्ति व्यवस्था मिलाउने कार्यमा असर पर्ने देखिन्छ ।स्वास्थ्य शिविरको औषधी खपत र बाँकीको विवरणको सही, स्पष्ट र यथार्थ प्रतिवेदनको व्यवस्था हुनुपर्दछ ।

२२. **सिधै खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) बमोजिम सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्नेमा कार्यालयका सि.अ.हे.व.मार्फत रु.२०००००।०० को औषधी सिधै खरिद गरेको अनियमित देखिएको छ ।

२३. **अतिरिक्त समय भत्ता** : स्वास्थ्य सेवा नियमावली,२०५५ मा हप्तामा ४० घन्टा भन्दा बढी समय काम गर्नुपर्ने कर्मचारीहरुले अतिरिक्त सेवा विदा पाउने र सो वापत भत्ता पाउने व्यवस्था छ । कार्यालयका ३ चिकित्सकले अतिरिक्त समय काम गरेवापत रु.२६०८३२।०० भुक्तानी लिएकोमा अतिरिक्त समय काम गरेको अभिलेख अद्यावधिक गरेको नपाइएकोले कसले कुन दिन, कुन समयमा कति घण्टा कार्य गरे वापत सो रकम भुक्तानी लिएको हो सो यकिन गर्न नसकिएकोले अभिलेख व्यवस्थित गर्नुपर्ने तथा २ कर्मचारीहरुले अस्पतालमा अतिरिक्त समय काम गरेवापत अतिरिक्त भत्ता खर्च लेखेकोमा भुक्तानी हुनुपर्ने भन्दा १२२७८।०० बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

## जिल्ला हुलाक कार्यालय

१. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ बमोजिम चौमासिक प्रगति देखिने गरी बार्षिक कार्यक्रम सञ्चालन गरी सोही बमोजिमको बार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले वार्षिक प्रगति प्रतिवेदन तयार गरेको छैन । वार्षिक कार्यक्रम बमोजिम लक्ष्य तथा प्रगति विवरण तयार गर्ने व्यवस्थाको पालना हुनुपर्दछ ।

२. **कन्टिन्जेन्सी खर्च :** आयोजनागत कन्टिन्जेन्सीको अभिलेख राखी तोकिएको सिमा भित्र रही कन्टिन्जेन्सी खर्च लेख्नुपर्नेमा कार्यालयले २ बर्ष कार्यावधि रहेको भवन निर्माणको लागि रु.२,०४,७६,७५२।८१ लागत अनुमान को ५ प्रतिशतले हुने रु.१०,३५,१६२।७० कन्टिन्जेन्सी खर्च गर्न पाउनेमा निर्माण कार्यको कार्यसञ्चालन मात्र दिएको अवस्थामा रु.५,४१,८३४।- अर्थात ५२ प्रतिशत कन्टिन्जेन्सी खर्च गरेको पाईयो । ठेक्का व्यवस्थापन, लागत अनुमान तथा ठेक्का स्वीकृति लगायतका कार्यमा काठमाण्डौं जानुपरेको, सुचना प्रकासन लगायतका कारण शुरुमा बढी खर्च भएको कार्यालयको भनाई रहेको छ । कन्टिन्जेन्सी खर्चमा मितव्ययी तरिकाबाट नियमानुसार खर्च हुनुपर्दछ ।

३. **भवन निर्माण** : स्विकृत लागत अनुमान रु.२,४४,२९,८३९।६२ (मू.अ.कर बाहेक) भएको जिल्ला हुलाक कार्यालय भवन निर्माणको लागि निर्माण व्यवसायी विकोइ विल्डर्ससँग रु.१,४२,६९,७९०। मा २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी २०७३।३।२२ मा सम्झौता भएको पाइयो । सम्झौताअनुसार ९० दिनभित्र कार्यतालिका पेश नभएमा रु.५००००।०० रोक्का राखी संशोधित कार्यतालिका पेश गराउनु पर्ने व्यवस्था भएकोमा सो को पालना भएको छैन ।

४. **वीमा** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण कार्यको शुरु देखिी त्रुटी सच्चाउने अवधि सम्मको वीमा गराउनु पर्ने उल्लेख छ भने खरिद सम्झौताको शर्त नं. SCC को १३ मा कायं शुरु देखी अन्त्यसम्म वीमा गराउनु पर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म वीमा गरेको पाइएन । निमांण व्यवसायीको खरिद सम्झौताको पालना नगनें र पालना गराउने तर्फ कायांलयले ताकेता गनुं पनें यसमा प्रमुख कारण देखिन्छ । जसले गदां सम्झौताको शतं तथा सार्वजनिक खरिद नियमावली बमोजिम वीमा हुनु पर्दछ ।

५. **बढी पेश्की** : निर्माण खरिद सम्झौताको शर्त नं.४९.१ मा १० प्रतिशत सम्म कार्यसञ्चालन पेश्की दिन सकिने व्यवस्था छ । उक्त भवन निर्माणको लागि प्रोभिजनल सम र मु.अ.कर बाहेक रु.१,४२,६९,७९०।- सम्झौता मूल्यको १० प्रतिशतले हुने रु १४,२६,९७९।- पेश्की दिन सकिनेमा रु.२८,५४,०००।- पेश्की दिएको छ । सम्झौताको व्यवस्था भन्दा बढी पेश्की दिएको कारण खरिद सम्झौताको कार्यान्वयन कमजोर देखिन्छ । सम्झौताको व्यवस्था भन्दा बढी पेश्कीको सम्झौतानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने कार्यतालिका पूर्व पेश्की फछ्र्यौट हुने मिति सम्म व्याज गणना गरी पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

६. **कार्यसञ्चालन पेश्की :** खरिद सम्झौता तथा सार्वजनिक नियमावली २०६४ अनुसार पेश्की फछ्र्यौट हुनु पर्दछ । निर्माण व्यवसायी एकलाई उपलव्ध गराएको कार्यसञ्चालन पेश्की रु.२८,५४,०००।- आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट हुन बाँकी देखिएको छ । सम्झौतानुसार निर्माण कार्या बाँकी रहेको कारण फछ्र्यौट हुन बाँकी पेश्की सम्झौताको शर्त तथा सार्वजनिक खरिद नियमावली २०६४ एवं दफा ३ बमोजिम फछ्र्यौट हुनुपर्दछ ।

७. **कार्य सम्पादन जमानत** : सार्वजनिक खरिद नियमावली २०६४ अनुसार त्रुटी सच्याउने अवधी भन्दा १ महिना बढी हुने गरी कार्या सम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । भवन निर्माण सम्बन्धी यस कार्यमा सम्झौता मितिले २ बर्षमा र ३६५ दिन त्रुटी सच्याउने अवधी गणना गर्दा पेश भएको जमानतको म्याद २०७६।४।२२ सम्मको हुनु पर्नेमा २६ जनु २०१८ (२०७५।३।१२) सम्म मात्र रहेको देखिएको छ । नियमानुसारको ठेक्का अवधी खाम्ने गरी कार्य सम्पादन जमानत पेश नभएको कारण सो सम्बन्धी नियमको पालना भएको छैन । नियमानुसारको अवधि पुरा हुने गरी कार्य सम्पादन जमानतको म्याद थप हुनुपर्दछ ।

८. **खरिद अभिलेख** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा प्रत्येक खरिद कारवाहीको लागी सो खरिदसग सम्बन्धित अन्य कागजातका अतिरिक्त सोही नियमको २ मा उल्लेखित कागजातहरु संलग्न गरी खरिद कारवाहीको अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले भवन निर्माणसँग सम्बन्धित खरिद कारवाहीको अभिलेख नियमानुसार व्यवस्थित रुपले नराखी छरिएको अवस्थमा राखेको पाइयो । खरिद अभिलख दुरुस्त नभएको कारण सम्झौता कार्यान्वयनमा असर पर्न सक्ने हुँदा नियमानुसार अभिलेख राख्नु पर्दछ ।

९. **कार्यादेश र सक्कल श्रेस्ता** : कार्यालय भवन निर्माणको काममा स्ट्रकचरल डिजाइन तथा लागत अनुमान तयार गरेबापत ५ प्राविधिक कर्मचारीलाई निम्नानुसार फोटोकपी डोर हाजिरीको आधारमा भवन डिभिजन कार्यालय बैतडीको सिफारिस बमोजिम रु.१ लाख २१ हजार ४५५ भुक्तानी गरेको छ । स्पष्ट आधार र सक्कल श्रेस्ता वेगर भुक्तानी गरेको कारण कन्टिन्जेन्सी खर्च बढी हुन गई लागत बढ्ने अवस्थामा नियन्त्रण हुनुपर्दछ ।

१०. **तहविल मौज्दात :** हुलाक वचत वैंक कार्य संचालन निर्देशिका, २०६६ को परिच्छेद ४ (३९) मा कार्यालयले राख्न पाउने तहविल मौज्दात सम्वन्धी व्यवस्था छ। जस अन्तर्गत प्रत्येक महिना रहने तहविल रकमको अधिकतम हद सो वचत वैंकको अघिल्लो महिना भरी भएको कारोवार मध्येको उच्चतम कारोवार भएको दिनको अंक भन्दा वढी हुन नहुनेमा स्वीकृत लेखापरीक्षण योजना अनुसार महिना छनोट गरि हेर्दा देहाय अनुसार तहविल मौज्दात राखेको देखियो ।

| महिना | अधिकतम तहविल मौज्दात | अघिल्लो महिनाको अधिकतम कारोवार | यो महिना बैंक जम्मा गरेको रकम | तोकिएभन्दा वढी राखेको रकम प्रतिशतमा |
|---|---|---|---|---|
| श्रावण | ४७७९०४८/०४ | - | २०३००००/०० | - |
| असोज | ३८२००३७/०४ | ९९६८९९/- | २३६९६६७/०० | २८३ |
| चैत्र | ९२७०७२८/७४ | ६०१५००/०० | २६९६५००/०० | १४४१ |
| असार | १४०२०६१२/९३ | ३१७५००/०० | १०९२३३११/०० | ४३१६ |

उपरोक्तानुसार राख्न पाउने अधिकतम मौज्दात भन्दा वढी रु १३७०३११२।९३ अर्थात ४३१६ प्रतिशत सम्म मौज्दात राखेको अवस्था छ। उक्त रकम त्यस्तो अवधिसम्म व्यक्तिको साथमा रहने तथा सो रकमवाट प्राप्त हुने व्याज समेत गुम्ने हुदा तोकिएको मौज्दात भन्दा वढी नहुने गरि तहविल मौज्दात राख्नुपर्दछ। उक्त निर्देशिकाको सोहि परिच्छेदमा कारोवार भएर वाँकी रहेको दैनिक वांकी रकम अर्को दिनको भोलीपल्ट वैंकमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सो महिनाभर उठेको रकम भन्दा पनि वढी रकम तहविल मौज्दातमा राखेको देखिएको छ। उदाहरणार्थ आषाढ महिनामा कार्यालयमा जम्मा भएको कुल रकम रु १३७०३११२।९३ भन्दा पनि वढी रकम रु १४०२०६१२।९३ तहविल मौज्दातको रुपमा राखेको छ। महिना भर जम्मा गरेको रकम कार्यालयमै मौज्दात राख्दा असुरक्षित समेत हुनसक्ने तथा वैंकलाई समेत उक्त रकमको व्याज वा लगानीको लाभ मा प्रत्यक्ष रुपमा असर पर्ने हुदा यसमा नियन्त्रण हुनुपर्दछ।

## पशिचम उच्च पहाडी गरिवी निवारण आयोजना

१. **लक्ष्य तथा प्रगति :** कार्यालयले पेश गरेको विवरण अनुसार क्रियाकलाप नं. ६ जे.टी. पारिश्रमिकमा र क्रियाकलाप नं. ९ पदाधिकारी एवं कर्मचारी खर्चमा शुन्य प्रगति भएको छ भने क्रियाकलाप नं. ११ मा उल्लेख भएको राम्रा अभ्यासको सुचना प्रवाहमा २६.०५ प्रतिशतमात्र प्रगति भएको छ ।

२. **पशु खरिद तथा वितरण :** कार्यालयले यो आर्थिक वर्ष सामुदायिक लगानी तथा योजना अनुसार सामुदायिक लगानी कोषको लागि रु ४ करोड ५१ लाख ४२ हजारको कार्यक्रमको संचालन गरी

२२ गाविसका गरिवीको रेखामुनी रहेका व्यक्तिहरुको आयस्तर सुधारका लागि बोका, बाखा, बंगुर, कुखुरा, हाँस, भैंसी, खरायो खरिद गरि रु.२११७६१६३।८८ मुल्य वरावरको पशुपंक्षि वितरण गरेकोमा बाखा खरिद गर्दा जात, उमेर, तौलका सम्बन्धमा न्यूनतम शर्तहरु नखुलाईएको, एउटै गाविसमा खरिद गर्दा पनि फरक फरक मुल्य (रु ६५००।०० देखी रु ९०००।०० सम्म) रहेको, खरिद गर्नु पूर्व र पश्चात पशु विशेषज्ञबाट जाँच गर्ने गराउने नगरेका, खरिद गरि ढुवानी गर्दा नर्मस अनुसार ढुवानी भएको देखिएको छैन । यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।

३. **साना भौतिक पूर्वाधार** : विभिन्न खानेपानी आयोजना, साना जलविद्युत, साना सिचाँई, सुधारिएको घट्ट निर्माण तथा मर्मत, आरन निर्माण गुणस्तरयुक्त प्रविधिबाट तयारी तथा संचालन भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार निर्माण कार्य सम्पन्न सार्वजनिक निकायले रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकामा संचालित आयोजना हस्तान्तरण भएको नदेखिएकोले हस्तान्तरण गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४. **आनुपातिक कट्टी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समतिमार्फत सञ्चालित योजनाहरुमा सम्झौतामा उल्लेख भएको भन्दा कम सहभागिता भएमा कार्यालयले अनुपातिक कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले ३ उपभोक्ता समितिलाई खुद काम गरेको अनुपात भन्दा रु.९८२४.२३ बढी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

## मालपोत कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण नगरिएको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कर्मचारीको कार्य विवरण तयार नगरेको, सार्वजनिक लेखा समितिको निर्णयको अभिलेख नराखेको नराखेको अवस्था देखिएको छ । ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगती** : स्वीकृत बार्षिक कार्यबक्रम अनुसार तोकिएका विभिन्न कार्यका लक्ष्य परिमाण मध्ये जग्गा खरिद अनुदान (मुक्त हलियालाई जग्गा खरिद अनुदान बापत) ४५ परिवारलाई दिने लक्ष्य रहेकोमा ४० लाई मात्र दिएको प्राप्त प्रगति विवरणबाट देखिएको छ । लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ ।

३. **जग्गाको न्युनतम मूल्यांकन** : कार्यालयले मालपोत नियमावली, २०३६ (संशोधन सहित) को नियम ५ ख अनुसार गठीत न्युनतम मूल्य निर्धारण समितिले २०७२।७३ को लागि तयार गरेको न्यूनतम मूल्यांकन पुस्तिका हेर्दा गत वर्षको न्यूनतम मूल्यांकन पुस्तिकाको दर भन्दा ग्रामिण क्षेत्रमा १० प्रतिशत सम्म थैली अंक बृद्धि गरेको छ भने कतै सडकसंगै जोडीएको स्थानहरु र नगरपालिकाको हकमा तोकुवा थैली अंक बृद्धि गरेको छ । न्यनत्तम मूल्य निर्धारणमा एकरुपता हुनुपर्दछ ।

४. **पुँजिगत लाभकर** : आयकर ऐन २०५८ को (संशोधन सहित) दफा २ (द) (४) र दफा ९५ (क) (३) तथा पूँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ को परिच्छेद ६ मा कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३० लाख भन्दा बढीको जग्गा वा निजी

भवन निसर्ग गरेकोमा तेकिएको दरमा पूंजीगत लाभकर पूंजीगत असूल गर्नुपर्ने व्यवस्था गरेको छ। सो अनुसार एक व्यक्तिको रु.५० लाख ६० हजारमा जग्गा निसर्ग गर्दा रु.१२३९७०। घटी असुल गरेकोले सो रकम असुल हुनुपर्दछ।

## सिचाई विकास डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी सामानको मर्मत सम्भार र लिलाम नगरेको, कार्यालयको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, मासिक रुपमा गर्नु पर्ने आान्तरिक लेखापरीक्षण वार्षिक रुपमा गरे गराएको, सार्वजनिक लेखा समितिमा भएको निर्णयको अभिलेख नराखेको अवस्था देखिएको छ। ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **लक्ष्य प्रगती** : कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रगति हासिल गर्नुपर्नेमा ४ विभिन्न आयोजना अर्न्तगत १७ निर्माण कार्यमा ५० प्रतिशत भन्दा कम प्रगति भएको देखिएको र ९ निर्माण कार्य संचालन भएको छैन। वार्षिक कार्यक्रम र लक्ष्य बमोजिम कार्यक्रम सञ्चालन हुनुपर्दछ।

३. **मु.अ.कर भुक्तानी** : मूल्य अभिवृद्धी कर नियमावली २०५३ को नियम ६(क) मा मूल्य अभिवृद्धी कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा दिनुपर्ने व्यवस्था भएकोमा कार्यालयले २ व्यावसायीलाई ३६१३१२।- मु.अ.कर रकम भुक्तानी दिदाँ वीलमा बिजक नम्बर उल्लेख नभएको र सो को जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई नदिएकोले मु.अ.कर बापतको रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ।

४. **भत्ता** : डिभिजन प्रमुखलाई विभिन्न मितिमा भ्रमण गर्दा थप दश प्रतिशत नपाउने स्थानको समेत भुक्तानी दिएको रु.६,८००।-, साथै निज डिभिजनत प्रमुखलाई मिति २०७२।६।१९ देखि २०७२।६।२९ सम्म काठमाडौं भ्रमण गर्दाको भत्ता बढी भुक्तानी भएको रु.२,४८०।- समेत असुल हुनुपर्दछ।

५. **निमित्त सुँविधा** : निजामती सेवा ऐन २०४९ तथा नियमावली २०४० अनुसार कुनैपनि कर्मचारी निमित्त कार्यालय प्रमुख कार्य गरेमा १ महिनाको शुरु तलव बराबरको हुने रकम दिनु पर्नेमा निमित्त डिभिजन प्रमुख लाई निमित्त डिभिजन प्रमुख हुंदाको अवधिमा माथिल्लो पदको शुल्क तलवमा आफ्नो पदको पाउने ग्रेड समेत जोडी तलव भुक्तानी गरेको प्रति महिना रु.१,२८०।- ले बर्षको हुने रु.१६,६४०।- बढी भुक्तानी दिएकोले असुल गर्नुपर्दछ।

६. **वीमा** : सार्वजनिक खरिद नियमावली २०६४ मा रु.१० लाख भन्दा बढीको निर्माण कार्यमा वीमा गराउनु पर्ने उल्लेख छ। कार्यालयले यो बर्ष भुक्तानी गरेको कुनै पनि निर्माण कार्यमा वीमा गरेको छैन। सम्झौताको शर्तका उल्लेख भएतापनि वीमा नगरेको कारण निर्माण र त्रुटी सच्याउने अवधिमा हुने जोखिम न्यूनिकरण नहुने अवस्था छ। नियमानुसार र सम्झौताको शर्त बमोजिम निर्माण कार्य श्रमिक र तेश्रो पत्र समेतको वीमा अनिवार्य गर्नुपर्दछ।

७. **गुणस्तर परीक्षण** : सम्पन्न कार्यहरु तोकिएको गुणस्तर बमोजिम छ भन्ने आश्वस्त हुन सो को गुणस्तर परीक्षण गर्नुपर्दछ। कार्यालले यो बर्ष भुक्तानी भएका विलहरुको सम्बन्धमा गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको छैन। गुणस्तर परीक्षण बेगर भुक्तानी गर्दा सम्पन्न कार्यमा तोकिएको गुणस्तर कायम नभई योजनाको दिगोपनामा असर पर्दछ।

८. **अनुसूची पेश नभएको** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १७ बमोजिम लेखापरिक्षणबाट माग भएको विवरण तथा कागजातहरु कार्यालयबाट उपलब्ध गराउनु पर्ने व्यवस्था छ । लेखापरिक्षणको क्रममा बोलपत्रमा सहभागिता र लागत कवोल अंक तुलना विवरण, ठेक्का वन्दोवस्त सम्बन्धी विवरण, सिंचाइ योजना सम्बन्धी विवरण र टेण्डरबाट भएको कार्य सम्बन्धी विवरण, गुणस्तर परीक्षण सम्बन्धी विवरण चौमासिक कार्यक्रम संचालन/पूजिगत खर्च विवरण संभाव्यता अध्ययन सम्बन्धी विवरण र अन्य प्रयोजनको खर्च सम्बन्धी विवरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन । जवाफदेहीताको लागी लेखापरिक्षणबाट माग भएका विवरण उपलब्ध गराउनु पर्दछ ।

९. **कन्टिजेन्सी खर्च** : कार्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० सँग सम्बन्धित असुसूची १ बमोजिम साना तिना खर्च २.५ प्रतिशत र कर्मचारी स्टापखर्च २.५ प्रतिशत मात्र कन्टिन्जेसी खर्च गर्न सकिनेमा ५ विभिन्न वजेट उप शीर्षक अन्तर्गत सन्चालित निर्माण कार्यमा सो सीमा भन्दा रु.२१ लाख ७४ हजार बढी खर्च लेखेको छ । कार्यालयले वहुबर्षिय योजनाको आयोजनागत रुपमा कन्टिजेन्सी खर्च खाता नराखेको कारण योजनागत रुपमा लागत अनुमान अनुसार हुने कन्टिन्जेन्सी खर्च यकिन गर्न सकिने अवस्था छैन ।

१०. **कार्य सम्पन्न** : मझौला सिंचाई आयोजना अन्तर्गतको चुथि पिपलबोट सिंचाई आयोजना, थापा चुला सिंचाइ आयोना प्रथम र दोश्रो कुलो निर्माण कार्यका निमार्ण सम्पन्न गर्नु पर्ने अवधि समाप्त भएको ६ महिना भन्दा बढी भै सकेकोमा ती कार्यहरुको क्रमशः २५.७५, ५८.९१ र ६१.५६ प्रतिशतमात्र कार्य भएको छ । बाँकी काम सम्पन्न गर्ने गराउने तर्फ सम्बन्धित उपभोक्ता समिति र कार्यालयले थप सकृयता देखाउनु पर्दछ ।

११. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार वास्तविक कामको नापजांच गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले चुथी पिलकोट सिंचाइ योजनाको लागत अनुमान रु.१५,२८,५४८।४२ (जन सहभागिता रु.२,९४,७२८।६७ समेत) को काम मिति २०७३।३।२५ सम्ममा सम्पन्न गर्नुपर्ने गरी मिति २०७३।२।२३ मा रु.१५,२८,४५८।४२ सम्झौता भई प्रथम विल बाट रु.३,१७,६४१।३३ भुक्तानी भएकोमा आइटम नम्वर ५ बाट अर्थवर्क इन एक्सक्याभेसन इन हार्ड रक कार्यको दर विश्लेषण अनुसार प्रति घन मिटर रु.२,१११.५० शिरोभार खर्च बाहेकको दर अनुसार भुक्तानी गर्नु पर्नेमा सो समेत जोडी रु.२,४२८.२३ प्रति घन मिटरका दरले ४३.२० घन मिटरको रु.१,०४,८९९।५३ मूल्यांकन गरी भुक्तानी गरेको पाइयो । रु.२,१११।५० प्रति घन मिटरले ४३.२० घन मिटरको ९१,२१६।८० मात्र भुक्तानी हुनु पर्नेमा रु.१३६८२।७३ बढी भुक्तानी भएको असुल हुनुपर्दछ ।

१२. **विल अफ क्वाण्टिटी :** उपभोक्तामार्फत गरिने कामको ठेक्का सम्झौता गर्दा सम्झौताको साथमा विल अफ क्वाण्टिटी समेत संलग्न गर्नुपर्नेमा सो नगरेको उदाहरण रुपमा चुथी पिपालकोट सिंचाइ योजनाको उपभोक्तासँग गरेको सम्झौता उल्लेख गर्न सकिने छ । यसो गर्नाले उपभोक्ता र कार्यालयलाई गर्नु पर्ने कामको परिमाण र मूल्य स्पष्ट नभएं उपभोक्ता अंश यकिन गर्न असर पर्ने हुन्छ तसर्थ सो समेत संलग्न गरी सम्झौता गर्नु पर्दछ ।

१३. **पेश्की** : आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम जुन प्रयोगका लागि पेश्की लिएको हो उक्त पेश्की प्रयोजन सम्पन्न भएपछी फछ्र्यौट हुनुपर्दछ । यसैगरी एक आर्थिक बर्षको लागि स्वीकृत कार्यक्रम सोही आर्थिक बर्षमा कार्य योजना स्वकृतिको कार्य तालिका वनाई कार्यान्वयन गर्नु पर्दछ । कार्यालयले २ उप शिर्षकबाट २ व्यावसायीलाई दिएको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभै बाँकी रु.२१,००,०००.०० पेश्की फछ्र्योट हुनुपर्दछ ।

१४. **खरिद कारवाहीको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निमित्त छुट्टै फाइल खडा गरी अन्य कागजातमा अतिरिक्त सोही नियमको उपनियम २ बमोजिमको कागजातहरु राख्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न उपभोक्ता समिति तथा निर्माण व्यवसायीसँग भएको खरिद कारवाहीसँग सम्बन्धित कागजात नियमबमोजिम प्रत्येक कारवाहीको अभिलेख देखिने गरी फाइल खडा गरेको छैन । नियमको व्यवस्था बमोजिम खरिद कारवाहीको अभिलेख राख्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३१ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार ९ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका १४ मध्ये निम्न ७ कार्यालयको रु.६०,४२,१४२।- बेरुजू बाँकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | स्थानीय विकास कोषको सचिवालय | - | भाखा नाघेको विउ पूंजिको सांवा व्याज असुल नगरेको | ३२१७०००.०० |
| २ | जिल्ला निर्वाचन कार्यालय | २१२०१३३ | नपाउने भत्ता भुक्तानी<br>बहालकर कट्टी नगरेको | ३३०००.००<br>४५००.०० |
| ३ | शिक्षाको लागि खाद्य कार्यक्रम | ३५०११३३ | खर्च शिर्षक फरक पारेको | ९०००.०० |
| ४ | जिल्ला प्रशासन कार्यालय | ३४९८०१३ | बहालकर कट्टी नगरेको<br>बहालकर कट्टी नगरेको<br>सामाजिक सुरक्षाकर कट्टी नगरेको | १२२०.००<br>१२५०.००<br>५६१.०० |
| ५ | जिल्ला प्राविधिक कार्यालय | ३४९१०२४ | मोविलाईजेशन पेश्की फछ्यौट नगरेको<br>भण्डारी निर्माण सेवा ६,६५,०००।-<br>एक कन्स्ट्रक्सन, दंगाजी ६,६५,०००।-<br>र्सुमा सरोवर निर्माण सेवा ६,००,०००।-<br>बेताल उ.मा.वि. रातामाटा ९४,०००।- | २०२४०००.०० |
| ६ | महिला तथा बालवालिका कार्यालय | - | खर्च सम्बन्धी विवरण प्राप्त नभएको | सैद्दान्तिक |
| ७ | दुर्गम क्षेत्र विकास समिति | ३५५८१६४ | उ.स. अध्यक्ष प्यान्टु कामी पेश्की ३,९०,६११।-<br>उ.स. अध्यक्ष इन्द्र बहादुर थापा पेश्की ३,६०,०००।- | ७,५१,६११।- |
| | | | **जम्मा** | **६०,४२,१४२।-** |

(सुवर्ण प्रसाद ढकाल)
नायब महालेखारीक्षक

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र  लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु.लाखमा)

| सि. नं. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व | धरौटी | अन्य कारोवार | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला कृषि विकास कार्यालय | ४९६ | १ | ५ | २१ | ५२३ |
| २ | जिल्ला प्रहरी कार्यालय | १०९० | ० | ८ | १७ | १११५ |
| ३ | मालपोत कार्यालय | ४७४ | १२ | ३१ | ७१ | ५८८ |
| ४ | खानेपानी तथा सरसफाई डि. का. | ७३२ | १ | ५३ | २४ | ८१० |
| ५ | सँग्राम शर्दुल गुल्म, मान्मा | ८२३ | ० | ३ | ० | ८२६ |
| ६ | सिंचाइ विकास डिभिजन | ३९३ | १ | ४९ | ० | ४४३ |
| ७ | जिल्ला स्वास्थ्य कार्यालय | १९०० | ९ | १२ | ३७७ | २२९८ |
| ८ | जिल्ला अस्पताल विकास समिति | ० | ० | ० | ६० | ६० |
| ९ | जिल्ला बन कार्यालय | ३४० | ४२ | ७० | ५ | ४५७ |
| १० | जिल्ला हुलाक कार्यालय | ३७६ | ९ | ० | ९६ | ४८१ |
| ११ | पश्चिम उच्च पहाडी गरीवि निवारण आयोजना | ५६० | ० | ० | ० | ५६० |
| १२ | जिल्ला शिक्षा कार्यालय | १०१२ | ६४ | ६ | ६४ | ११४६ |
| १३ | जिल्ला भू-संरक्षण कार्यालय | २३२४ | ० | ० | ० | २३२४ |
| १४ | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | १४३९३ | १४३९३ |
| १५ | महिला तथा बालबालिका कार्यालय | १४३ | ० | ० | ५८ | २०१ |
| १६ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ६२ | ३६७ | २ | ० | ४३१ |
| १७ | जय पृथ्वीबहादुर सडक योजना | १०७० | २ | १०३ | ० | ११७५ |
|  | जम्माः | **११७९५** | **५०८** | **३४२** | **१५१८६** | **२७८३१** |

## लेखापरीक्षण विधिः संक्षिप्त

(रु.लाखमा)

| सि. न. | कार्यालयको नाम | विनियोजन निकासा | राजस्व | धरौटी | अन्य कारोवार | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ८५ | ० | १ | ० | ८६ |
| २ | जिल्ला निर्वाचन कार्यालय | ४० | ० | १ | १ | ४२ |
| ३ | बझाङ जिल्ला अदालत | १४७ | ९ | ५८ | ० | २१४ |
| ४ | शिक्षाकोलागि खाद्य कार्यक्रम | ४९२३ | ० | ० | ० | ४९२३ |
| ५ | घरेलु तथा खाना उद्योग विकास समिति | ५३ | ८ | १० | ० | ७१ |
| ६ | नापी कार्यालय | ३५ | १ | ० | ० | ३६ |
| ७ | कारागार कार्यालय | ४१ | ० | ० | ० | ४१ |
| ८ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५ | ० | ० | ० | ५ |
| ९ | जिल्ला सरकारी वकील कार्यालय | ३३ | ० | ० | ० | ३३ |
| १० | जिल्ला प्रशासन कार्यालय | १९७ | १५ | ८ | ३५ | २५५ |
| ११ | जिल्ला पशुसेवा कार्यालय | ४२३ | १ | ४ | ११ | ४३९ |
| १२ | जिल्ला प्राविधिक कार्यालय | ४४५ | १ | ११ | ० | ४५७ |
| १३ | स्थानिय विकास कोषको सचिवालय | ७७ | ० | ० | ० | ७७ |
| १४ | दुर्गम क्षेत्र विकास समिति | ५४ | ० | ० | ० | ५४ |
|  | जम्माः | ६५५८ | ३५ | ९३ | ४७ | ६७३३ |
|  | कूल जम्माः | **१८३५३** | **५४३** | **४३५** | **१५२३३** | **३४५६४** |

अनुसूची २

# बेरुजुको स्थिति

(रु.हजारमा)

| सि. नं. | कार्यालयको नाम | शूरु बेरुजु | | प्रतिकृयाबाट फछ्र्यौट र समायोजन | | बांकी दफा र बैरुजु | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिकृया बाट | जम्मा |
| १. | जिल्ला कृषि विकास कार्यालय | १० | १२ | ५ | ० | ५ | १२ | ० | ० | १२ | ८०० | ० | ८०० |
| २. | मालपोत कार्यालय | ९ | १२४ | ५ | ० | ४ | १२४ | ० | ० | १२४ | ० | ० | ० |
| ३. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १५ | ४०९ | ७ | ० | ८ | ० | ४०९ | ० | ४०९ | ० | ० | ० |
| ४. | सिंचाइ विकास डिभिजन | २२ | ४७८५ | ८ | ११० | १४ | ५१ | २५२४ | २१०० | ४६७५ | १४ | ० | १४ |
| ५. | जिल्ला स्वास्थ्य कार्यालय | ४१ | ९३५९ | १८ | ३१८१ | २३ | ३०१ | ९८५ | ४८९२ | ६१७८ | ५३ | २५ | ७८ |
| ६. | जिल्ला अस्पताल विकास समिति | १ | ४९० | ० | ० | १ | ४९० | ० | ० | ४९० | ० | ० | ० |
| ७. | जिल्ला बन कार्यालय | २८ | २१३ | १५ | ० | १३ | ९३ | १२० | ० | २१३ | ० | ० | ० |
| ८. | जिल्ला हुलाक कार्यालय | १८ | ३०१६ | ८ | ० | १० | ० | १७१ | २८४५ | ३०१६ | ० | ० | ० |
| ९. | पश्चिम उच्च पहाडी गरीविनिवारण आयोजना | ४ | १० | ० | ० | ४ | १० | ० | ० | १० | ० | ० | ० |
| १०. | जिल्ला शिक्षा कार्यालय | २३ | २५८९८ | १२ | ० | ११ | २९६ | २५६०२ | ० | २५८९८ | ० | ० | ० |
| ११. | जिल्ला भू-संरक्षण कार्यालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| १२. | जिल्ला विकास समितिको कार्यालय | ३० | ६८२० | ९ | ० | २१ | ८४५ | ३८८२ | २०९३ | ६८२० | ० | ० | ० |
| १३. | महिला तथा बालवालिका कार्यालय | ११ | ० | १० | ० | १ | ० | ० | ० | ० | ४ | ० | ४ |
| १४. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| १५. | जय पृथ्वीबहादुर सडक योजना | १७ | १०४६० | ७ | १०० | १० | १०० | ० | १०२६० | १०३६० | ० | ० | ० |
| १६. | स्थानिय विकास कोष | १ | ३२१७ | ० | ० | १ | ३२१७ | ० | ० | ३२१७ | ० | ० | ० |
| १७. | जिल्ला पशुसेवा कार्यालय | ४ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १८. | जिल्ला निर्वाचन कार्यालय | २ | ३७ | ० | ० | २ | ३७ | ० | ० | ३७ | ० | ० | ० |
| १९. | शिक्षाकोलागि खाद्य कार्यक्रम | १ | ९ | ० | ० | १ | ० | ९ | ० | ९ | ० | ० | ० |
| २०. | जिल्ला प्रशासन कार्यालय | ३ | ३ | ० | ० | ३ | ३ | ० | ० | ३ | ० | ० | ० |
| २१. | जिल्ला प्राविधिक कार्यालय | १ | २०२४ | ० | ० | १ | ० | ० | २०२४ | २०२४ | ० | ० | ० |
| २२ | दुर्गम क्षेत्र बिकास समिति | १ | ७५२ | ० | ० | १ | ० | ० | ७५२ | ७५२ | ० | ० | ० |
| | जम्मा | २५० | ६७६३८ | ११२ | ३३९१ | १३८ | ५५७९ | ३३७०२ | २४९६६ | ६४२४७ | ८७१ | २५ | ८९६ |

**द्रष्टव्य :** • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बांकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकिकृत आय- व्यय विवरण

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | **२५२८१९२६.७७** | **बजेट खर्च** | **१६०४३४७८६.५२** |
| कर दस्तुरबाट प्राप्त आय | ७९८३५९.९५ | जि.वि.स. अनुदान | ४६४४१७८६.५२ |
| राजस्व बांडफांटबाट प्राप्त कोष | २९६६९३.०१ | गाउं विकास समिति अनुदान | ११३९९३०००.०० |
| पर्यटन विकास कोष | ७५३९०.४८ | **अन्यकोष खर्च** | **३२०२५५५७.३७** |
| डोजर संचालन कोष | २५७९८७२.८२ | कर दस्तुरबाट प्राप्त आय | २३५७७२५.०० |
| मर्मत सम्भार कोष | ३७७०३९२.०६ | राजस्व बांडफांटबाट प्राप्त कोष | ३३७४२८४.५० |
| कन्टिजेन्सी खर्च | ३१२६८४.१२ | पर्यटन विकास कोष | ७५३९०.४८ |
| युनिसेफ (बालमैत्री स्थानिय शासन) | १८४४१२.०० | सडक बोर्ड नेपाल | ५९७२८७.०८ |
| यु.एन.एफ.पि.ए | १२०६९१.०४ | डोजर संचालन कोष | ७२१७३७.०० |
| मेजेन्जमेन्ट सपोर्ट | १३०९४९.३० | मर्मत सम्भार कोष | ११९००००.०० |
| प्रकोपा व्यवस्थापन विशेष कोष | १००९०३१.०० | कन्टिजेन्सी खर्च | ६६४३९७.५० |
| मानव शंशाधन विकास कोष | ४२७२१७.०० | युनिसेफ (बालमैत्री स्थानिय शासन) | १०९३०१२२.०० |
| बातावरणीय विशेष कोष | ३७९४७४.०० | यु.एन.एफ.पि.ए | ७८६७५८४.०० |
| महिला बालबालिका दलित जनजाती कोष | ७९४५५०.०० | कर्मचारी कल्याण कोष बचत | १२८७०००.०० |
| गरिविनिवारण विशेष कोष | ८००००.०० | कर्मचारी कल्याणकोष (व्याज) | २३२७४०.९० |
| स्थानिय विकास कोष | ८००००.०० | गरिवि निवारण कोष | ८५७८०.०० |
| | | धरौटी जि.वि.स. | १८४१७७३.२० |
| कृषि विकास कोष | २३३८३०.०० | धरौटी ड्रिलिप | ७९९७३५.७१ |
| कर्मचारी कल्याण कोष बचत | १२०२३२७.१० | | |
| कर्मचारी कल्याण कोष (मुद्धती) | २३५०३००.०० | **मौज्दात** | **३२०१५५३४.१७** |
| कर्मचारी कल्याणकोष (व्याज) | ३८९३७३.३७ | कर दस्तुर | १३२५१९९.४५ |
| ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना | २४७१६६८.४३ | राजस्व बांडफांट | १३२५१०३.१९ |
| धरौटी जि.वि.स | ४६६८०३७.७८ | पर्यटन विकास कोष | ५०००००.०० |
| धरौटी डिलिप | २९२६६७३.२४ | सडक बोर्ड नेपाल | १२९०७२८.९२ |
| **यस बर्षको आय** | | डोजर संचालन कोष | ३३८५७३५.८२ |
| **नेपाल सरकारको अनुदान** | **१६०४३४७८६.५२** | मर्मत सम्भार कोष | ३०२०३९२.०६ |
| जिल्ला विकास समिति अनुदान | ४६४४१७८६.५२ | कन्टिजेन्सी खर्च | ६०५५२६.६८ |
| गाउं विकास समिति अनुदान | ११३९९३०००.०० | युनिसेफ (बालमैत्री स्थानिय शासन) | १११९५५.०० |
| **आन्तरिक श्रोत** | **७२८७२५९.१८** | यु.एन.एफ.पि.ए | ६९९४३.६३ |
| कर दस्तुरबाट प्राप्त आय | २८८४५६४.५० | मेजेन्जमेन्ट सपोर्ट | १३०९४९.३० |
| राजस्व बांडफांटबाट प्राप्त कोष | ४४०२६९४.६८ | प्रकोपा व्यवस्थापन विशेष कोष | १०४९०३१.०० |
| **अन्य श्रोत** | **२९९५९५००.३३** | मानव शंशाधन विकास कोष | ४६७२१७.०० |
| पर्यटन विकास कोष | ५०००००.०० | बातावरणिय बिषेश कोष | ४१९४७४.०० |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| सडक बोर्ड नेपाल | १८८८०१६.०० | महिला बालबालिका दलित जनजाती कोष | ८३४५५०.०० |
| डोजर संचालन कोष | १५२७६००.०० | गरिवि निवारण विशेष कोष | १२००००.०० |
| मर्मत सम्भार कोष | ४४००००.०० | स्थानिय विकास कोष | १२००००.०० |
| कन्टिजेन्सी खर्च | ९५७२४०.०६ | कृषि विकास कोष | २७३८३०.०० |
| युनिसेफ (बालमैत्री स्थानिय शासन) | १०८५७६६५.०० | कर्मचारी कल्याण कोष बचत | १८९१९७.१० |
| यु.एन.एफ.पि.ए | ७८१६८३६.५९ | कर्मचारी कल्याण कोष (मुद्धती) | ७३५०३००.० |
| प्रकोपा व्यवस्थापन विशेष कोष | ४००००.०० | कर्मचारी कल्याणकोष (व्याज) | ३७४९०५.१५ |
| मानव शंशाधन विकास कोष | ४००००.०० | ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना | ११४२२०.०० |
| बातावरणीय विशेष कोष | ४००००.०० | धरौटी जि.वि.स | ६८१०३३८.३४ |
| महिला बालबालिका दलित जनजाती कोष | ४००००.०० | धरौटी डिलिप | २१२६९३७.५३ |
| गरिविनिवारण विशेष कोष | ४००००.०० | | - |
| स्थानिय विकास कोष | ४००००.०० | | - |
| कृषि विकास कोष | ४००००.०० | | - |
| कर्मचारी कल्याण कोष बचत | २७३८७०.०० | | - |
| कर्मचारी कल्याण कोष (मुद्धती) | ५००००००.०० | | - |
| कर्मचारी कल्याणकोष (व्याज) | २१८२७२.६८ | | - |
| गरिवि निवारण कोष | २०००००.०० | | - |
| ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना | ० | | - |
| **धरौटी आम्दानी** | | | - |
| धरौटी जि.वि.स | ३९८४०७३.७६ | धरौटी ड्रिलिप(केन्द्रिय) | ७९९६३५.७१ |
| आन्तरिकतर्फको जम्मा: | ३७२४६७५९.५१ | आन्तरिकतर्फको जम्मा: | ३२०२५५५७.३७ |
| केन्द्रिय कार्यक्रमतर्फको आय | ६८१७७६१५४.७७ | केन्द्रिय कार्यक्रमतर्फको व्यय | ६८४२४७८२३.०० |
| **कुल जम्मा:** | **७४८२८८९१४.८१** | **कुल जम्मा:** | **७४८२८८९१४.७४** |

# जिम्मेवारी पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | अस्पताल विकास समिति | डा. विष्णु खतिवडा | श्री मनोज  विष्ट |
| २ | कोष तथा लेखा नियन्त्रण कार्यालय | श्री धर्मराज भट्ट | श्री नवराज देवकोटा |
| ३ | खानेपानी तथा सरसफाइ डिभिजन | श्री शिव प्रसाद देवकोट | श्री प्रेम चन्द्र पौडेल |
| ४ | जय पृथ्वी वहादुर मार्ग सडक | श्री ललितजगं खनाल | श्री शेर सिंह खत्री |
| ५ | जिल्ला कृषि विकास कार्यालय | श्री ईश्वरी प्रसाद पाण्डे | श्री हरिप्रसाद भट्ट |
| ६ | जिल्ला भू- संरक्षण कार्यालय | श्री रण वहादुर कठायत | श्री दिपेन्द्र चौधरी |
| ७ | जिल्ला बन कार्यालय | श्री अशोक कुमार श्रेष्ठ | श्री दिपेन्द्र चौधरी |
| ८ | जिल्ला विकास समितिको कार्यालय | श्री प्रेमराज गिरी | श्री शेर बहादुर विष्ट |
| ९ | जिल्ला स्वास्थ्य कार्यालय | डा.श्री विष्णु खतिवडा | श्री मनोज विष्ट |
| १० | जिल्ला शिक्षा कार्यालय | श्री मोतीलाल शर्मा | श्री कुम्ब महादुर खाती |
| ११ | जिल्ला हुलाक कार्यालय | श्री रण वहादुर कठायत | श्री दिपेन्द्र चौधरी |
| १२ | पश्चिम उच्च पहाडी गरिवि निवारण आयोजना | श्री प्रेमराज गिरी | श्री शेर बहादुर विष्ट |
| १३ | महिला तथा बालबालिका कार्यालय | श्री लिला घले | श्री कमल कुमार थापा |
| १४ | मालपोल कार्यालय | श्री कृष्ण वहादुर वोहरा | श्री राजेन्द्र वहादुर खत्री |
| १५ | स्थानिय विकास कोषको सचिवालय | श्री विरेन्द्र बहादुर सिंह | श्री श्याम बहादुर थापा |
| १६ | सिंचाई विकास डिभिजन | श्री कुस बुढाथोकी | श्री लक्ष्मी राज जोशी |
| १७ | जिल्ला प्रशासन कार्यालय | श्री सुनिल खनाल | श्री गोरख बहादुर धामी |
| १८ | शिक्षाको लागि खाद्य कार्यक्रम | श्री मदन कुमार थापा | श्री कुम्भ बहादुर खाती |
| १९ | जिल्ला निर्वाचन कार्यालय | श्री अच्युत अर्याल | श्री गजाधर सार्की |
| २० | जिल्ला पशु सेवा कार्यालय | श्री चेत नारायण खरेल | श्री रुकुम वहादुर विष्ट |
| २१ | जिल्ला प्राविधिक कार्यालय | श्री देवराज जोशी | श्री हेम बहादु विष्ट |
| २२ | दुर्गम क्षेत्र बिकास समिति | श्री प्रेमराज गिरी | सन्तोष कुमार रेग्मी |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np